# बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव

त्रिभुवन विश्वविद्यालय , शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टीकरण विषय अन्तर्गत स्नातकोत्तर तह ( एम.एड.) दोस्रो वर्षको Ed.PM.५९८ को आंशिक आवश्यकता पुरा गर्नको लागी तयार पारिएको

शोधपत्र

शोधकर्ता

पुण्य प्रसाद यादव

क्याम्पस रोल नं.:- ९७

परीक्षा रोल नं.:- १३०३१२

त्रि.वि.दर्ता नं.:- ३६४९८-९४

श्री सु.ना.स.ना.मो.यादव बहुमुखी क्याम्पस

सिरहा

033-520387
033-520082

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्यामपस, सिरहा

**पत्र संख्या :–** **मिति :**
**चलानी नं. :–**

## सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय, सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत स्नात्तकोतर तह द्वितीय वर्षका विद्यार्थी पुण्य प्रसाद यादवले शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत कोर्ष नं. ५९८ को आवश्यकता पुरा गर्ने प्रयोजनका लागि **"बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव"** शीर्षकमा प्रस्तुत यो शोध पत्र मेरो प्रत्यक्ष निर्देशनमा रही तयार गर्नु भएको हो । यस शोधकार्यवाट म संतुष्ट छु र यसको अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०७१/ /

.......................................
शुरेन्द्र प्रसाद यादव
शोध निर्देशक

☎ { 033-520387
033-520082

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्यामपस, सिरहा

**पत्र संख्या :–**
**चलानी नं. :–**

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा, स्नातकोत्तर तह द्रोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयका छात्र पुण्य प्रसाद यादवले " **बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव** " शीर्षकमा तयार पार्नु भएको शोधपत्रलाई मूल्याङ्कन गरी यस समितिवाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. श्री प्रा.चन्देश्वर यादव ............................................

(विभागिय प्रमुख)

२. श्री सुरेन्द्र प्रसाद यादव ........................................

(शोध निर्देशक)

३. श्री प्रा.डा.प्रदिप चन्द्र गौतम ........................................

(बाह्य परीक्षक)

(मिति : २०७१ / / )

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्थानोक्तर तहको दोस्रो तहको आशिंक आवश्यकता परिपुर्तिकोलागी **बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव** अध्ययन शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा नेपाल सरकार शिक्षा मन्त्रालय , शिक्षा विभाग अर्न्तगत सप्तरी जिल्ला शिक्षा कार्यालयद्वारा सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा गरिएको लगानीको वर्तमान अवस्था पता लगाउन , बालविकास केन्द्रमा गरेको लगानीले व्यवस्थापनमा पारेको प्रभावको विश्लेषण तथा लगानीमा देखा परेका समस्याहरुलाई पहिचान गरी समाधानका उपायहरुको वारैमा अध्ययन कार्य भएको छ ।

यस शोध कार्यलाई सफल वनाउनकालागी आवश्यक सल्लाह , सुझाव , निर्देशन तथा मार्गदर्शन प्रदा गर्नु भएका विभागीय प्रमुख श्री प्रो.चन्देश्वर यादव तथा शोध निर्देशक श्री सुरेन्द्र प्रसाद यादव प्रति हृदय देखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यस्तै शोध कार्यका शिलशिलामा ावश्यक पर्ने तथ्यांक तथा सुचनाहरु उपलब्ध गराई सहयोग गर्नु हुने जिल्ला शिक्षा कार्यालय , सप्तरीका जिल्ला शिक्षा अधिकारी रुद्र हरि भण्डारी ज्यू , जि.शि.का.सप्तरीका शाखा अधिकृत श्री रामदेव चौधरी , वि.नि.श्री विजय मण्डल , वि.नि.श्री भोगेन्द्र प्रसाद यादव तथा श्रोत व्यक्तिहरु श्री राम प्रसाद चौधरी र श्री सुनिल कुमार प्रसाद समेत प्रति हाद्रिक आभार प्रकट गर्न चाहन्छु । साथै नमुना छनौटमा परेका विद्यालयहरुका प्रधानाध्यापक , वि.ब्य.स.अध्यक्ष , अभिभावक तथा सहयोगी कार्यकर्ता एवम् शिक्षक परिवार प्रति पनि सहयोगका लागी विशेष धन्यवाद दिन चाहन्छु । साथै , शोधपत्र तयार गर्न आवश्यक वातावरण मिलाई सहयोग गर्ने मेरी धर्मपत्नि पवित्रा कुमारी यादव , छोरी काजल , पृयंका तथा छोरा मुकेश कुमार पनि धन्यवादका पात्र हुन् ।

पुण्य प्रसाद यादव

# शोधसार

प्रस्तुत शोध अध्ययन वालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव विषयमा तयार गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानी पता बालविकास केन्द्रमा गरिएको लगानीले ब्यवस्थापनमा पारेका प्रभाव ,लगानीका समस्या तथा समाधानका उपायहरुको खोजी गर्दै त्यसकालागी सुझाव प्रस्तुत गर्नु हो ।

यो शोध कार्य गुणात्मक र संख्यात्मक मिश्रीत अनुसन्धान ढाँचामा आधारित छ । प्राथमिक तथ्यांकको आवश्यकता अनुसार सहायक तथ्यांक पनि प्रयोग गरिएको हो । सप्तरी जिल्लाका सामुदायीक विद्यालयमा आधारित बालविकास केन्द्रहरु मध्येवाट सम्भावनायूक्त नमुना छनोट विधिका आधारमा आठवटा बालविकास केन्द्रलाई नमुनाको रुपमा छानिएको हो । उद्देश्यमुलक नमुनाका आधारमा विद्यलाय वयवस्थापन समितिका अध्यक्ष , प्रधानाध्यापक , सहयोगी कार्यकर्ता , अभिभावक , स्रोत व्यक्ति , विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा अधिकारीलाई उतरदाताका रुपमा अध्ययनमा समावेश गरिएको हो । यस अध्ययनका साधनको रुपमा प्रश्नावली , अन्तरवार्ता , छलफल , अवलोकनलाई प्रयोग गरिएको छ । यस अध्ययनकालागी अध्ययनकर्ता आफै सम्वन्भित ठाउँमा गई तथ्यांक संकलन गरेको छ , संख्यात्मक तथ्यांकको तालिकामा राखी व्याख्या गरिएको छ । शिक्षाको माग र आपुर्ती अनुसार विद्यालयमा आधारित बालविकास केन्द्रमा प्रयाप्त सरकारी लगानी भएको छैन । सहयोगी कार्यकर्ताको तलव , भता तथा मसलन्दमा सरकारले लगानी गरेको छ । बालविकास केन्द्रलाई विद्यालयले नै भवन , शौचालय , फर्नीचर खेल मैदान उपलव्ध गराएको छ । स्थानीय निकाय तथा अभिभावकहरुवाट आर्थिक लगानी गरेको पाइएन । बालविकास केन्द्रमा आर्थीक लगानी वुद्धि गर्ने उपायहरुमा छुट्टै बजेट विनियोजन गर्ने , छुट्टै वि.व्य.स.गठन गर्ने , सरोकारवालाहरुको नियमित अनुगमन र निरीक्षणमा उदासिन रहेको पाइयो । विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएका समस्याहरुमा वि.व्य.स.को गठन , भौतिक पक्ष , शैक्षिक सामग्री , सहयोगी कार्यकर्ताको तालिम , अभिभावकहरुको नियमित अनुगमनको अभाव रहेको पाइयो ।

सामुदायीक विद्यालयमा अधारित बालविकास केन्द्रहरु प्रति अभिभावकहरुको चतनाको अभाव देखिन्छ । समन्वय , सञ्चालनको विस्तार हुन पाइएको छैन । माग जतिको बालविकस केन्द्रमा लगानी भएको छैन । वाल विकास कार्यक्रममा ाथिंक लगानी बृद्धि गर्नुपर्छ । शिक्षा क्षेत्रमा काम गर्ने सरोकारवालाहरुले आफ्नो भुमिका ईमान्दारीपुर्वक निर्वाह गर्नुपर्छ । मुल्यांकन प्रकृयामा सुधार ल्याउनु पर्छ । सहयोगी कार्यकर्तालाई शैक्षिक सामग्री विकास तालिम दिनुपर्छ । बालविकास कार्यक्रमको निति निर्माणमा सरोकारवालाको सहभागिता वढाउनु पर्छ । अनुगमन र निरीक्षण प्रणालीमा सुधार गरी विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्नु पर्ने देखिन्छ ।

# विषय सूची

| | पेज |
|---|---|
| सिफारिश पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञता ज्ञापन | iv |
| शोधसार | v |
| विषय सुची | vii |
| संक्षिप्त शब्द सूचि | ix |

**परिच्छेद - एक**

| **परिचय** | **१-९** |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनका उद्देश्यहरु | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ अध्ययनको परिसीमा | ९ |

**परिच्छेद - दुई**

| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको अवधारणात्मक खाका** | **१०-२१** |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ अध्ययनको अवधारणात्मक खाका | १६ |
| २.३ अनुसन्धानका लागी पुनरावलोकनको उपादेयता | २० |

## परिच्छेद :- तीन


**अध्ययन विधि र प्रक्रिया** २२-२७

३.१ अनुसन्धानको ढाँचा २२

३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट विधि २३

३.३ तथ्यांक स्रोतहरु २४

३.४ तथ्यांक संकलनका साधनहरु २५

३.५ तथ्यांक संकलनका प्रक्रिया २७

३.६ तथ्यांक विश्लेषण प्रक्रिया २७


## पच्छिेद चार


**नतिजाको विश्लेषण** २८-४४

४.१ बालविकास केन्द्रमा गरिएको लगानी २८

४.२ बालविकास केन्द्रमा गरिएको लगानीले व्यवस्थापनमा पारेको प्रभाव ३२

४.३ बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएका समस्याहरु ३८

४.४ बालविकास केन्द्रको समस्या समाधानका उपायहरु ४१


## परिच्छेद पाँच


**निष्कर्ष र सुझावहरु** ४५-४८

५.१ निष्कर्ष ४५

५.२ सुझावहरु ४६

५.२.१ नीतिगत तह ४६

५.२.२ अभ्यास तह ४७

५.२.३ अनुसन्धान तह ४८

सन्दर्भ सूचीहरु ४९

अनुसूचीहरु ५१

# संक्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| गा.वि.स. | - | गाउँ विकास समिति |
| न.पा. | - | नगरपालिका |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | - | जिल्ला शिक्षा अधिकारी |
| वि.नि. | - | विद्यालय निरिक्षक |
| उ.मा.वि. | - | उच्च माध्यमिक विद्यालय |
| मा.वि | - | माध्यमिक विद्यालय |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.स. | - | शिक्षक अभिभावक संघ |
| प्र.अ. | - | प्रधानाध्यापक |
| स.का. | - | सहयोगी कार्यकर्ता |
| गै.स.स. | - | गैर सरकारी संस्था |
| बा.वि.के. | - | बालविकास केन्द्र |
| के.अ. | - | केशों अनिरुद्वती |
| प.वि. | - | पब्लिक विन्देश्वरी |
| क.न. | - | कन्छु नरप्रताप |
| आ.स. | - | आर्दश सरस्वती |

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्टभूमी

एउटा मजबुत र सुरक्षित घरको कल्पना त्यति वेला गर्न सकिन्छ, जतिवेला त्यसको जग मजवुत र बलियो बनाईन्छ । त्यसरी नै एउटा सभ्य सुसंस्कृत एवम् सामाजिक प्रतिष्ठायुक्त मानीस त्यतिवेला तयार हुन्छ , जति वेला उसले जीवनको प्रारम्भिक दिनहरुमा आवश्यक एवम् उचित लालन पालन र अन्य न्यूनतम आवश्यक्ताको कमी महसुस नगरी हुकर्ने वातावरण पाईरहेको हुन्छ । मानिसको जीवनका पुर्वाद्वका दिनहरु व्यतित हुने आधारशिला तय भईरहेको हुन्छ । तसर्थ वालवालिकाको सार्वङ्गिन विकासले नै मानिसको भावी जीवनको लक्ष्य निर्धारण गदर्छ भन्दा अत्यूक्ति हुदैन । प्रारम्भिक वाल्यावस्थाको विकासको अर्थ जन्म देखि ५वर्ष सम्मका बालवालिकाहरुको विकास भन्ने वभिmन्छ । यस अवस्थाको विकास भित्र बालवालिकाको शारीरिक , मानसिक , वौद्विक , संज्ञानात्मक लगायतका सवै पक्षहरुका विकास पदर्छ । प्रारम्भिक वाल्यावस्थाको विकासले वालवालिकाको भविष्यको जीवनको मार्ग र्निदेशन गदर्छ । यस अवस्थामा वालवालिकाहरु पुर्णरुपमा घरपरिवार , समुदाय , र विधालयमा निर्भर रहन्छन । यस अवस्थाको वातावरणले वालवालिकामा चिन्तन , तार्किक क्षमता , रहन सहन , र वानी वयवहारका निमार्ण , जीवन पद्वति आदी सबै कुराको बिकास गराउँछ । प्रारम्भिक बाल्यावस्था ज्यादै महत्वपुर्ण , ज्यादै नाजुक र जीवनको आधार स्तम्भ हो । यस अवस्थाको विकासका लागी उपयूक्त शिक्षाको आवश्यक्ता पदर्छ । त्यसकालागी घर परिवार र समुदाय तथा विधालय ज्यादै सचेत र सकिय बन्नु पदर्छ । त्यसैले बालवालिका भन्नाले वालकको शारिरीक , वौद्विक , सामाजिक र संवेगात्मक र सुजनात्मक पक्षको विकास भन्ने वभिmन्छ । ( शर्मा एण्ड शर्मा , २०६८) । बाल बचाउ , वाल संरक्षण , बालबालिका र बाल सहभागीताकालागी बालविकास केन्द्रको अवधरणा आएको छ । बालवालिकाहरुको इच्छा र चाहना अनुसार वालविकास केन्द्रले कस्तो कियाकलाप सञ्चालन गर्नु पर्छ , उनिहरुको शारिरीक , वौद्विक , मानसिक , संवेगात्मक एवम् सामाजिक विकास गर्न , भविष्य सुनिश्चित गर्न वाल मनोविज्ञान अनुसार मनोरञ्जनात्मक एवम् वैज्ञानिक ढगंले वालविकास कार्यकम सञ्चालन गरी राम्रो सकाारात्मक प्रवति र सृजनात्मक सीपको विकास गर्नमा प्रारम्भिक बालविकास केन्द्रले जोड दिइएको छ ।

मानव जातीको विकास वारैमा शिक्षाविदहरले विभिन्न समयमा हरेक दृष्टिकोणले अध्ययन अनुसन्धान र विश्लेषण गर्दै आए अनुरुप विधालय उमेर समुह विभाजन रुचि , स्तर , क्षमता र उमेर अनुसार वर्गीकरण गर्दै आएकोमा विधालयको पुर्व तयारी उमेर समेतलाई ध्यान दिई ३-५ वर्ष उमेर समुहलाई शिशु कक्षा र पुर्व प्राथमिक वा बालविकास केन्द्र आदि नामले चिनाउने गरेको पाईन्छ । यसको शुरुवात विकसित राष्ट्रहरुमा व्यस्त नागरिकहरुले काममा जाने समयमा बाल स्याहार केन्द्रमा राख्नेवाट भएको पाईन्छ । जहाँ वच्चाहरुलाई आयाद्वारा रेखदेख गर्ने , खुवाउने , खेलाउन र सुताउने गरिन्थ्यो । पछी गएर त्यहिवाट स्यहार केन्द्रमा सिकाईका अवधारणाको विकास गरियो । ३-४ वर्षका बालवालिकाहरुको सर्वाङ्गिन विकासको साथँ साथै विधालयको शैक्षिक गुणस्तर अभिवृद्दि गर्ने उद्देश्य अनुरुप बालविकास केन्द्रको स्थापना भएको हो । (जि.शि.का.२०६२) ।

वालवालिकाहरु जन्मदा नै अन्तर्निहित क्षमताहरु लिएर जन्मिएका हुन्छन् । बालवालिकाका यस्ता अर्न्तनिहीत क्षमताहरु फरक-फरक मात्रामा हुने गदर्छन , तापनि क्षमताहरुको प्रस्तफुटन गराई विकासका चरणमा अघि वढाउनु पदर्छ । यसरी अघि वढाउने कममा शिक्षालाई प्रमुख माध्यम मानिन्छ , किन भने शिक्षाको विशेषता र उद्वेश्य नै वालवाकिाको अन्तर्निहित क्षमताको प्रस्तफरटन गराउनु हो । अतः प्रारम्भिक वाल्यावस्थाको विकासको आधार वालवालिकाको स्याहार र शिक्षा हो । वालवालिकाको स्याहार र शिक्षा एउटै सिक्काका दुई पाटाहरु हुन । प्रारम्भिक वाल्यावस्था शिक्षा विभिन्न मुलुकहरुले विभिन्न नामहरुवाट सञ्चालन गरेको पाईन्छ । सामान्यतया , प्रारम्भिक वाल्यवस्था शिक्षालाई पुर्व प्राथमिक शिक्षाका रुपमा वुझने गरेको पाईन्छ । वास्तवमा पुर्व प्राथमिक शिक्षा भनेको प्राथमिक विधालयमा भर्ना हुन पुर्व दिइने शिक्षा हो । जुन १ वा २ वर्ष दिइने गरिन्छ । जन्मको अवस्थावाट सञ्चालन गरिने दिवा हेरचाह केन्द्रहरु समेत प्रारम्भिक वाल्यावस्था शिक्षाका कार्यकमहरु भित्र पदर्छन । यस्ता शिक्षाहरुलाई आफ्ना- आफ्ना भाषा , संस्कृति , संस्कार र प्रचलनहरु अनुसार नामाकरण गरिएको छ । ती निम्न हुन् : खेल समुह शिक्षा नसृरी शिक्षा , पुर्व प्राथमिक शिक्षा , वाल विद्दापीट , गार्टन विधालय , शिशु शिक्षा सदन , किन्डर गाटर्न स्कुल , बाल उथान , शिशु निकेतन , बाल सेवा सदन , बाल मन्दिर , बाल संसार , बाल विहार , दिवा सेवा केन्द्र आदि । यस प्रकार प्रारम्भिक वाल्यावस्था शिक्षालाई विभिन्न सेवा केन्द्रका नमावाट सञ्चालन गर्ने गरेको पाईन्छ । नेपालको सर्न्दभमा भन्नु पर्दा दिवा सेवा

केन्द्र , बाल शिक्षा , शिशु कक्षा , बाल मन्दिर , बाल संसार , पुर्व प्राथमिक शिक्षा , किन्डर गार्टन स्कुल , नर्सरी शिक्षा , बाल स्याहार केन्द्र , बालविकास शिक्षाका नामवाट प्रारम्भ बाल्यावस्था शिक्षा संचालन गरेको पाइन्छ । ( शर्मा एण्ड शर्मा , २०६८) ।

यसरी नेपालको सन्दर्भमा स्थापना भएका यस स्याहार केन्द्रहरुमा बाल मन्दिरलाई सबै भन्दा पहिले , औपचारिके र मान्याता प्राप्त रुपको स्याहार केन्द्र मानिन्छ । त्यसैले बाल मन्दिरको स्थापनालाई नै नेपालको प्रारम्भिक बाल्यावस्थाको ऐतिहासिक सुरुवात मान्नु पदर्छ । यस पछि बालवालिकालाई शिक्षा दिने वहानामा विभिन्न तहका शैक्षिक संस्थाहरुको स्थापना र विकास हुदै गयो । जुन नेपालको प्रारम्भिक बाल्यावस्थाको ऐतिहासिक विकास हो।

शिक्षा ऐन २०२८ को संशोधन २०६३ को दफा २ तथा शिक्षा नियमावली २०५९ को नियम ६७ अनुसार प्रारम्भिक बालविकास कार्यक्रम निर्देशिका २०६१ को २ ले बालवालिकाहरुको सर्वाङ्गिण विकासको कार्य गर्ने ४ वर्ष मुनिका बालवालिकाहरुको लागी सेवा पुरयाउने वा ४ वर्ष मुनिका बालवालिकाका साथै ४ देखि ५ वर्ष उमेर समुहका बालवालिकालाई समेत पुयाउने विकास केन्द्र र पुर्व प्राथमिक कक्षा सहितको समुदाय वा विधालयमा आधारित भई सञ्चालित संस्थाको एकिकृत संरचनालाई बालविकास केन्द्र भनी परिभाषित गरिएको छ ।

सन् १९९० मा थाईलेण्डको जामटिन र सन् २००० मा सेनगेलको डकारमा भएको “ सवैको लागी शिक्षा ” सम्वन्धि विश्व सम्वेलनले शिक्षाका अन्य पक्षहरुका साथ साथै प्रारम्भिक बाल्यावास्था स्याहार तथा शिक्षाका विस्तार र सुधार गर्ने लक्ष्य राखेका छन । यो लक्ष्य प्राप्त गर्नकालागी सन् २००१ मा नेपाल सरकारले सवैका लागी शिक्षा राष्ट्रिय कार्ययोजना , २००१ - २०१५ तयार गरी सन् २०१५ सम्ममा ३ देखि ५ वर्ष उमेरका बालवालिकाहरु मध्ये ८० प्रतिशत बालवालीकाहरुलाई सेवा पुरयाउन जम्मा ७४,०००।-प्रारम्भिक बालविकास केन्द्रहरुको स्थापना गर्ने लक्ष्य राखेको छ , ( सेरिड , २०६१) ।

राष्ट्रिय शिक्षा पद्वतिको योजना काल पश्चात लगभग २०३७ सालको सेरोफेरोवाट नेपालमा निजी विधालयहरुको संस्थागत रुपमा विकसित हुने प्रयास गर्न थाले । २०४९ सालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले यसलाई विकसित हुने केही मौंका दियो । फलस्वरुप नेपालमा

आधारभुत तथा प्राथमिक शिक्षा परियोजना शुरु भयो । यस परियोजनाले प्रारम्भिक वाल्यावस्थाका बालवालिकालाई स्याहार सुसार गर्ने अवसरहरु प्रदान गरयो । २०५४ सालको उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पुर्व प्राथमिक विधालयहरुलाई विधालय शिक्षाको संरचना भित्र ल्यायो । यसले प्रारम्भिक बाल्यावस्था विकासलाई राष्ट्रिय स्तरवाट मान्यता प्रदान गरियो । ( शर्मा एण्ड शर्मा , २०६८)

यसै क्रममा वि.सं.२०५६ सालमा शिक्षा विभागको स्थापना पश्चात पहिलो पटक शिक्षा ऐन र नियमावली प्रारम्भिक बालविकास कार्यक्रमलाई महत्वपुर्ण स्थान दिइयो । तदनुरुप , शिक्षा नियमावली ०५९ ले पुर्व प्राथमिक कक्षाको व्यवस्था गरियो । ३ देखि ५ वर्ष सम्मका बालवालिकाकोलागी समुदायमा आधारित शिक्षा शिशु केन्द्र सञ्चालनको प्रावधान राख्यो । यस्ता केन्द्रको अनुमति स्थानीय निकाय ( गा.वि.स.र न.पा.)ले दिनु पर्ने प्रावानलाई अघि सारेको थियो । यसैलाई आधार मानी समुदायमा आधारित बालविकास केन्द्रलाई सञ्चालनकालागी निरन्तरता दिइएको छ । (शिक्षा विभाग , २०६६) ।

यस जिल्लाको राजनितिक विभाजन अनुसार ११४ वटा गा.वि.स.३ वटा नगरपालिका ( २ वटा प्रस्तावित नगरपालिका समेत गरी ) ६ वटा संसदिय निर्वाचन क्षेत्र रहेको छ । शैक्षिक प्रसाशनको दृष्टिकोणले यस जिल्लालाई १०वटा श्रोत केन्द्र , ६ वटा निरीक्षण क्षेत्र , सामुदायीक तर्फ ३६४ वटा प्रा.वि., ४७ वटा नि.मा.वि., ३३ वटा मा.वि., ४२ वटा उ.मा.वि.हरु छन् र ३७ प्रा.वि., ८ वटा नि.मा.वि., १३ वटा उ.मा.वि.संस्थागत विधालयहरु सञ्चालित छन । वि.स.२०६८ अनुसार जिल्ला शिक्षा कायालर्य , सप्तरीद्वारा सञ्चालित बालविकास केन्द्रहरु विधालयमा आधारित ४५० र समुदायीमा आधारित २२१ गरी कुल जम्मा ६७१ बालविकास केन्द्रहरु प्रा वि.तर्फ २९६ , नि.मा.वि.तर्फ ७९  र मा.वि.तर्फ ७५ सञ्चालित छन (जि.शि.का.२०६८) ।

त्यतै राजविराज नगरपालिका क्षेत्रको शेक्षिक अवस्थालाई दृष्टिगत गर्दा सामुदायिक विधालय तर्फ ५ प्रा.वि., ४ नि.मा.वि., ३ मा.वि.र १ उ.मा.वि.रहेका छन । जस अन्तगर्त बालविकास कार्यक्रम तर्फ सामुदायिक विधालयमा सञ्चालित जम्मा १९ वटा बालविकास केन्द्रहरुमा कक्षाहरु सञ्चालित छन । जसमा २ वटा केन्द्रहरुमा २-२ वटा कक्षाहरु समेत सञ्चालन

भईरहेको पाइन्छ । जसमा छात्रा २१७ र छात्र २१९ गरी जम्मा ४३६ बालवालिकाहरु अध्ययनरत छन् भने त्यस मध्ये दलित तर्फ छात्रा ५२ र छात्र ४८ , जनजाती तर्फ छात्रा १६ र छात्र १४ समेत रहेको देखिन्छ (जि(शि.का.२०६८)।

सन् २००३ देखि २०१५ सम्मका निम्ति सवैको लागी शिक्षा कार्यक्रमको अनुमानित लागत सन् २००२ को मुल्य अनुसार रु २९५.३ अर्व छ । यो लागत अनुसार साधारण र विकास बजेटका साथै समुदायवाट बेहोरिने खर्च पन समावेश छ । सवैको लागी शिक्षा कार्यकालागी सञ्चालन गरिने प्रारम्भिक बालविकास तथा निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा कृयाकलापमा अनुमानीत विकास खर्चको ७० प्रतिशत भन्दा वढी लागत लाग्ने देखिन्छ । जस मध्ये प्रारम्भिक बलविकास कार्यक्रममा क्रमशः दशौं योजनामा १५०११.१ ( रु दश लाखमा ) , एघारौं योजनामा २५५११.५ (रु दश लाख) मा तथा बा-ह्रौं योजनामा २०४५७.२ ( रु दश लाखमा ) बजेट विनियोजन गरिएको देखिन्छ ( शर्मा एण्ड सिंह , २०६७) ।

शिक्षा विभाग (२०६१) ले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासगँको समन्वयमा बालविकास कार्यक्रम कायान्वयन गरिरहेको छ । यसकोलागी विभागले साझेदार निकायहरुसगँ आर्थिक सहयोगकालगी सम्झोता गरेको छ । विभागले बावविकास केन्द्रहरुकालागी वार्षिक एकमुष्ट रकम अनुदानको रुपमा प्रदान गर्छ । विधालय क्षेत्र सुधार योजनामा प्रारम्भिक वाल शिक्षा तथा विकास केन्द्रकालागी अमेरिका डलर ६२.८७ मिलियन विनियोजीत गरिएको छ । तर थप आवश्यक पर्ने स्रोतलाई दृष्टिगत गर्दा यस्तो खर्च स्थानीय सरकार , राष्ट्रिय तथा अत्राष्ट्रिय गैर सरकारी संस्था, स्वयमंसेवी समुर , नागरिक समाज तथा सामुदायीक सगंठन तथा अभिभावकहरुवाट परिचालन गरनेछ ( शिक्षा विभाग , २०६६ -२०७२ ) ।

देश भरिमा विधालयमा आधारित सञ्चालन भएका बालविकास केन्द्रहरुलाई नियाल्ने हो भने कैयौं जिल्लाहरु अत्नराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहयोगमा , सरकारी तथा सामुदायिक विधालयको सहयोगमा र संस्थागत विधालयहरु समेतमा गरी आ-आफ्नै ढंगले बालविकास केन्द्रहरु सञ्चालन भएको देखिन्छन् । विधालयमा आधारित बालविकास केन्द्रमा बालवालिकावाट कुनै किसिमको शुल्क उठाउदैनन् तर संस्थागत विधालयमा आफ्नै किसिमले शुल्क नि गदर्छ । यसरी शुल्क लगायत बालविकास कार्यक्रम निर्देशिका अनुसार एकरुपता

देखिदैन । विधालय क्षेत्र सुधार योजनामा प्रारम्भिक वाल शिक्षा र विकास कार्यक्रम समेत रहेकोअवस्थामा त्यस अनुसार बालविकास केन्द्रहरुमा आर्थिक सहयोग वार्षिक रुपमा एकमुष्ट पाउँछ । जसवाट बालविकास केन्द्रहरुले अपेक्षित लक्ष्य हासिल गर्न सकेको छैन । तसर्थ बालविकास केन्द्रमा समग्र पक्षको विकासमा उचित आर्थिक लगानीको आवश्यक्ता देखिन्छ ।

## १.२ समस्याको कथन

बालवालिकाका मौलिक र जन्मसिद्व अधिकारहरु भित्र शिक्षा पनि पदर्छ । सवै वालवालीकाले शिक्षा प्राप्त गर्नु पदर्छ भन्ने अवधारणालाई थाइल्याण्डको जोम्टियनमा सन् १९९० मा भएको विश्व सम्वेलनले पारित गरेको नारालाई " सवैको लागी शिक्षा " भनिन्छ । सवैकालागी शिक्षा राष्ट्रिय कार्ययोजना ( २००१-२०१५) मा उल्लेखित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका लक्ष्यहरुले नै विधालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बाल शिक्षा तथा शिक्षा तथा विकास कार्यक्रमको कार्याव्वयनकालागी आधार प्रदान गरेका छन । हाल समुदायमा आधारित तथा विधालयमा आधारित गरी मुलुक भर २८,६८३ बाल विकास केन्द्र सञ्चालीत तथा ( फ्ल्यास रिपोर्ट , २०६८ ) । नेपालका वतमार्न शैक्षिक तथ्याङ्कलाई हेर्दा पुर्व प्राथमीक बालविकास कार्यक्रमको अनुभव प्राप्त गर्नेहरुको दर १०.०९ प्रतिशत मात्र रहेको देखिन्छ । यसवाट नेपालमा झण्डै ८९.०१ प्रतिशत बालवालिकाहरु प्रारम्भिक बालविकास कार्यक्रमको अवसरवाट वञ्चित हुन गएको देखिन्छ । नेपालको नवौं पञ्च वर्षिय योजनाले १०,००० र दशौं पञ्तवर्षिय योजनाले १३, ००० बालविकास केन्द्रहरु सञ्चालन गर्ने लक्ष्य रहेकामा हाल ५,७०० मात्र प्राथमिक बालविकास केन्द्रहरु समुदायमा र अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरु मार्फत २,००० बावविकास केन्द्रहरु सञ्चालनमा छन् भने ५,००० पसर्व प्राथमिक कक्षाहरु निजी तथा आवाशीय विधालयहरु भित्र सञ्चालनमा छन् ( शिक्षा विभाग , २०६१) ।

यसरी लक्ष्य अनुसार बालविकास केन्द्रहरु सञ्चालन गर्ननसकेकोले यसको प्रमुख समस्या हो आर्थिक लगानी । जुनसुकै कार्यकालागी आवश्यक पर्ने श्रोत , साधन विभिन्न क्षेत्रवाट संकलन गरिन्छ । राष्ट्रले कुल बजेटको कति प्रतिशत शिक्षा क्षेत्रको लागी छुट्टयाएको छ ? शुल्क कति लिने गरेको छ ? निजी क्षेत्रको सहभागिता कस्तो छ ? स्थानीय समुदायवाट कति सहयोग कसरी प्राप्त भएको छ ? आदी वारैमा योजना हुनु पदर्छ । किन ? कसरी ? कति मात्रामा

बजेट विनियोजन भएको छ ? शिक्षा क्षेत्रको कुल बजेट मध्येवाट एउटा खास शिक्षण संस्थालाई कति प्रतिशत पर्न आउँछ ? त्यसका आधारमा योजना गरिनु पदर्छ ( काफ्ले , वासुदेव एवम् अन्य,२०६६)।

यस शोधपत्रले सामुदायीक विधालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानीको वर्तमान अवस्था , लगानीले व्यवस्थापनमा प्रभाव , लगानीमा देखिएको समस्या र समस्याको समाधानका उपाय यो शोधपत्रमा अध्ययन गर्न खोजिएको छ ।

## १.३ अध्ययनको औचित्य

बालविकास केन्द्र भन्नाले प्राथमिक तहमा भर्ना हुनकालागी निर्धारित वर्ष पुरा भईनसकेका बालवालिकाहरुको तीव्र रुपमा शारिरीक बृद्धि , तीव्र मानसिक विकास , सामाजिक , वौंद्धिक तथा संवेगात्मक विकासकालागी सञ्चालन गरिने भने कार्यक्रम वुभिmन्छ । तसर्थ उक्त भनाई अनुसारको उद्देश्य पुरा गर्न सक्ने बालविकास केन्द्रहरुमा अध्ययन गर्ने प्रति बलवालिकाहरुमा आर्थिक लगानीको अवस्था कस्तो छ ? यसलाई दीर्घकालीन रुपमा सञ्चालन गर्न कस्ता उपायहरु अपनाउनु पर्ने ? जस्ता प्रश्नहरुको वर्तमान स्थिति पता लगाई सुझाव पेश गर्नु पर्ने भएवाट नै यस अध्ययनको औचित्य महसुस गरिएको छ । जुनसुकै देशको शैक्षिक अवस्था त्यस देशको शिक्षामा गरेको लगानीलाई राष्ट्रको शिक्षा प्रतिको आर्थिक दायीत्व भनिन्छ । जुनसुकै मुलुकले आफ्नो आवश्यक्ता अनुसार मानव संशाधनको विकासकालागी शिक्षामा लगानी गर्ने गदर्छन् । नेपालमा राज्यवाट शिक्षाको आर्थिक दायित्व बहन गरेतापनि शिक्षाको स्थिती सन्ताषजनक देखिदैन । लगभग १६ प्रतिशत को हाराहारीमा शैक्षिक क्षेत्रमा बजेट विनियोजन गरिए तापनि शिक्षाको वढ्दो माग पुरा गर्न सरकारी खर्च अपुग वन्दै गएको छ । सम्भाव्यताको अध्ययन बिना नै जनसंख्या अनुसार कति शिक्षण संस्थालाई समेटेर समग्र शैक्षिक बजेटमा सहभागी वनाउदै जाने भन्ने खालको अध्ययन अनुसन्धान विना नै शिक्षण संस्थाहरु खोलिदै गए । यसैको परिणामा स्वरुप , सकारात्मक रुपमा खुलेको शिक्षण संस्था खर्चविहीन अवस्थामा पुगेका छन् । यसरी दिन प्रतिदिन शिक्षामा जनसहभागीताको मन्दाता , साधनस्रोतको समुचित उपभोगको अभाव , फितलो अनुगमन प्रणाली जस्ता कारणले समग्र शैक्षिक बजेट गए तापनि धेरै जसो शिक्षण संस्थाहरु साधन स्रोतको अभावमा सञ्चालनमा रहेको देखिन्छ ( काफ्ले , वासुदेव एवम् अन्य , २०६६) ।

नेपालमा वर्तमान परिपेक्ष्यमा बालविकास कार्यक्रम अन्तगर्त समुदायद्वारा , सामुदायीक विधालयद्वारा राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुद्वारा आ-आफ्नै तरिकावाट बालविकास केन्द्रहरु सञ्चालीत छन । यस्ता केन्द्रहरुमा समुदायको सक्रिय सहभागीता नदेखिएको र सरकारद्वारा गरिएको लगानी तथा कार्यान्वयन पक्ष समेत प्रभावकारी हुन नसकेको पाइन्छ । जसले गर्दा , त्यसता बालविकास केन्द्रहरु दीर्घकालीन रुपमा सञ्चालन हुने निश्चित आधारहरु देखिदैन ।

अतः बालविकास केन्द्रहरुलाई समुदायको सक्रिय सहभागतिामा प्रभावकारी कार्यान्वयन एवम् दीर्घकालीन रुपमा सञ्चालन गर्ने सन्दर्भमा आर्थिक लगानीको वर्तमान अवस्थाको अध्ययन विश्लेषण गरी सम्वन्धित सारेकारवालाहरु जिम्मेवार निकायहरु , सरकारी पक्ष तथा निती र्निमाताहरुलाई समेत उपयूक्त सुझाव पेश गर्नु पर्ने आवश्यक्ताको महसुस गरी यस अध्ययनको औचित्यलाई पुष्टि गर्न सकिन्छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस शोध कार्यको उद्देश्यहरु निम्नानुसार रहेका छन् :-

(क) विधालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको वर्तमान अवस्था पता लगाउनु ।

(ख) बालविकास केन्द्रमा गरेको लगानीले व्यवस्थापनमा पारेको प्रभावको विश्लेषण गर्नु ।

(ग) बालविकास केन्द्रमा गरिएको लगानीमा देखापरेका समस्याहरु पहिचान गर्नु ।

(घ) बालविकास केन्द्रमा गरिएको लगानीमा देखापरेका समस्या समाधानका उपायहरु खोजी गर्नु

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यो अध्ययनको लागी निम्न अनुसन्धानातमक प्रश्नहरुलाई अगाडी बढाइएको छ ।

(क) विधालयमा आधारित बालविकास केन्द्रमा अध्ययन गरिएको लगानीको अवस्था कस्तो छ?

(ख) बालविकास केन्द्रमा गरेको लगानीले व्यवस्थापनमा पारेका प्रभावहरु के के हुन् ?

(ग) बालविकास केन्द्रमा गरिएको लगानीमा के कस्ता समस्याहरु छन् ?

(घ)बालविकास केन्द्रमा गरिएको लगानीमा देखापरेका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ?

## १.६ अध्ययनको परिसीमा

शोधकर्ताले समय , साधन , स्रोतको कारणले ठुलो जनसंख्यालाई आधार लिएर अध्ययन गर्न असमर्थ छ । शैक्षिक अनुसन्धानको क्षेत्र ज्यादै फराकिलो भएको हुदाँ एउटा अनुसन्धानकर्ताले सवै क्षेत्रमा अध्ययन गर्न सकिदैन । त्यसैले , यस शोध अध्ययन सप्तरी जिल्लाको सामुदायिक विधालयमा सञ्चालीत बालविकास केन्द्रहरुमा गरिएको लगानी अध्ययनमा केन्द्रित गरिएको छ । उपलव्ध साधन , स्रोत , समय सिमा , मौजुदा अवस्था र परिस्थितीको समेत विचार गर्दा जिल्लाका सम्पुर्ण बालविकास केन्द्रहरुलाई समेट्न नसकिएको हुदाँ यस जिल्लाको के.अ.मा.वि.राजविराज स्रोत केन्द्र अर्न्तगत राजविराज नगरपालीकाको एक उच्च मा.वि., १ मा.वि., १ नि.मा.वि., १ प्रा.वि.तथा कचन्दाहा उच्च मा.वि.स्रोत केन्द्र अर्न्तगत रायपुर गा.वि.स.का एक उच्च मा.वि., एक नि.मा.वि.र २ वटा प्रा.वि.मा सञ्चालीत बालविकास केन्द्रमा अध्ययन केन्द्रित रहेको छ ।

# परिच्छेद दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको अवधारणात्मक खाका

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव विषयमा लेखिएको शोधपत्रसगँ मिल्ने सामग्री उपलव्ध नभएपनि सम्वन्धित र अन्य लेख , पाठ्य तथा शोधपत्रहरुको अध्ययन गरिएको छ । जसवाट शोधपत्र तयार पार्न ठुलो सहयोग समेत मिलेको छ । यस शिर्षकमा तिनै सामग्रीहरुको संक्षिप्त रुपमा परिचय दिन खोजिएको छ । सम्वन्धित साहित्यको पुनरावलोकन गर्ने कममा निम्नानुसारका सामग्रीहरुको पुनरावलोकन गरिएको छ ।

उपाध्याय (२०५९) का अनुसार आर्थिक विकासका दृष्टिकोणले शिक्षाको विस्तार अपरिहार्य छ । शिक्षा सामाजिक पुर्वाधार निमार्ण गर्ने प्रमुख साधन हो । त्यसैले शिक्षा क्षेत्रमा सरकारी लगानी शुरु भए तापनि राष्ट्रिय शिक्षा पद्धतिको योजना वि.स.२०२८ मा शुरु भए पछि यसको प्रकृया व्यवस्थित हुन थाल्यो । तर पछि त्यसमा शिथिलता आयो ।

यस सम्वन्धमा सेरिड (२०६०) का अनुसार केलाली , जुम्ला र इलामवाट कमशः ४ , ३८९ वटा समुदायमा आधारित बालविकास केन्द्रहरु त्यतिकै संख्यामा प्राथमिक विधालयहरु समेत छानी गरिएको अनुसन्धानमा , समुदायमा आधारित बालविकास केन्द्रहरुको हालको व्यवस्थापनमा समुदायको संलग्नता अत्यन्त कम देखिनुका साथै बालविकास केन्द्रका व्यवस्थापन समितिहरु इलाम र केलालीका बालविकास केन्द्र वाहेक अधिकांश निष्कृय रहेको देखाइएको छ । विभिन्न बालविकास केन्द्रहरुमा सहजकर्ताहरु आ-आफ्नो किसिमले नियूक्ति गर्ने , तर उनिहरुको कार्य भने त्यसले कुनै अन्तर ल्याएको छैन । समुदायमा आधारित बालविकासका आफनो जग्गा , भवन , खेल मैदान र नियमित आम्दानीका स्रोतहरु नरहेको देखिन्छ । स्थानीय समुदायको बढी सकियताको साथै जिल्लामा एउटा बालविकास बोर्ड व्यवस्था हुनु पर्ने सुझाव दिइएको देखिन्छ ।

उल्लेखित अध्ययन अनुसन्धानवाट स्थानीय समुदायको सहभागीतालाई विषेश जोड दिइएको छ । बालविकास केन्द्रहरुको लागी भौतिक , आर्थिक तथा शैक्षिक विकासका लागी व्यवस्थापन समितिको गठन प्रकृया प्राम्भिक बालविकास सञ्चालन सम्वन्धि निर्देशिका ( २०६१) ले गरेको

व्यवस्था अनुसार व्यवस्थापन समितिका पदाधिकारीहरुको छनौट गर्न पाउन व्यवस्था भए पश्चात आजका दिनमा बालविकास केन्द्र प्रति व्यक्तिहरु निष्कृय रहेको ठहर गरेको छ । साथै , बालविकास केन्द्रहरुमा आर्थिक लगानी न्यून रहेकोले बालविकास केन्द्रको शैक्षिक अवस्था दिनानुदिन खसकिदै गईरहेको छ भने अनुसन्धानले निष्कर्ष निकालिएको छ ।

बालविकास केन्द्रकै सेरोफेरोमा , सेरिड (२०६१) अनुसार कुनै बालवालिका बालविकास केन्द्रमा कति वर्ष जानु पदर्छ भन्ने सन्दर्भमा प्रारम्भिक बाल्यावस्था विकास सम्वन्धि नेपाल सरकारद्वारा प्रकाशित दस्तावेजहरु फरक फरक कुराको उल्लेख भएको पाइन्छ । नेपाल सरकारको निति अनुसार बालविकास केन्द्रहरु समुदायमा छुट्टै खोल्न सकिन्छ र विधालयमा पनि खोल्न सकिन्छ । शिक्षा विभाग र प्लान नेपालद्वारा सञ्चालित बालविकास केन्द्रमा यिनै निकायद्वारा विकास गरिउका पाठ्यक्रम प्रयोग गरेको पाइन्छ भने अन्य निकायहरुद्वारा ( जस्तै युनिसेफ , सेभ द चिल्ड्रन आदि ) मा आफनै पाठ्यक्रम नभएकाले ती निकायहरु सञ्चालित बालविकास केन्द्रहरुमा सहजकर्ताहरुले निर्देशिकाकै आधारमा आफना सामग्री र क्रियाकलापहरु सञ्चालन गर्दै आएको पाइन्छ । शिक्षा विभाग र दातृ निकायवाट सञ्चालित बालविकास केन्द्रहरुमा जोड कोष संकलन गर्ने उपायहरु दिगोपनाको दृष्टिकोणले उपयूक्त देखिन्छ । यस्ता बालविकास केन्द्रहरुले गा.वि.स./नगारपालिका , समुदायमा आधारित संस्थाहरु तथा अभिभावकहरुवाट प्राप्त नियमित आर्थिक सहयोगवाट जोडकोषको व्यवस्था गरिएको पाइन्छ । यसरी जोडकोष परिचालनवाट आएको आम्दानीवाट केही केन्द्रका सहजकर्ताहरुलाई थप पारिश्रमिक दिइएको पाइन्छ ।

उल्लेखित अध्ययन अनुसन्धानवाट बालविकास केन्द्रमा अध्ययन गर्ने बालवालीका उमेर स्पष्ट र्निधारण गर्नु पर्ने , हालको पाठ्यक्रम सुधार गरी एउटा प्रारम्भिक बालविकास राष्ट्रिय पाठ्यक्रम निमार्ण गर्नु पर्ने , समुदायको सहभागितामा जोड दिनुपर्ने , विभिन्न श्रोतहरुवाट आर्थिक सहयोग जुटाई बालविकास केन्द्रलाई आर्थिक रुपले दिगो वनाउनु पदर्छ भने यस अनुसन्धानले निष्कर्ष निकालेको छ । यसै गरी कुवंर ( २०६२) ले नेपाल सरकारको वितिय लगानी सम्वन्धि निति दुरगामी छैन । शिक्षा क्षेत्रमा छुट्याइएको वजेट अन्य क्षेत्रको भन्दा प्राथमिकताको क्रममा पछाडि परेको पाईन्छ । विधालयको आय सवै जसो शिक्षक तलव भतामा नै खर्च हुने , भौतिक निमार्ण र अन्य प्रशासनिक कार्यमा निकै कम रहेको छ ।

विधालयको आर्थिक अवस्था ज्यादै कमजोर भएको कारणले शिक्षाको गुणस्तर बृद्धि हुन सकिरहेको छैन । निजी संस्थागत विधालयहरुमा आन्तरीक कुशलता र वाह्य प्रभावकारितामा कमि रहेको पाइन्छ भनी आपनो शोधपत्र " अछाम जिल्लामा प्राथमिक विधालयहरुको वितीय स्थितिले शिक्षण सिकाइ उपलव्धिमा पारेको प्रभाव " शीर्षकमा प्रस्तुत गर्नु भएको छ ।

शैक्षिक लगानी वढाउनु जरुरी देखिन्छ । तलव भता बाहेक भौतिक निमार्णको लागी पनि बजेट छुट्याउनु पर्ने आवश्यक देखिन्छ । शिक्षाको गुणस्तर बृद्धि गर्नुपर्छ । निजि संस्थागत विधालयहरुको आन्तरिक कुशलता र वाह्य प्रभावकारिता वढाउनु पर्छ । यसरी यी दुवै बीच अन्यान्याश्रित सम्वन्ध छ ।

खनाल (२०६२) का अनुसार शिक्षा प्राप्त गरेपछि सामाजिक लाभ र व्यक्तिगत लाभ दुवै समानुपातिक रुपमा प्राप्त हुन्छ वा घटवढ हुन्छ । युग प्रतिस्पर्धी र उपभोगतामुखी भएकाले उपभोक्ताले वस्तु उपभोग गरेपछि उचित मुल्य चुकाउनु पदर्छ । अर्थात , शिक्षामा निजी लगानी हुनु पदर्छ । शिक्षाले सामाजिक लाभ पनि दिने हुनाले नागरिकको उत्पादकत्व बढाउन राज्यले शिक्षामा लगानी गर्नु पदर्छ । अतः शिक्षा खर्चलाई राज्यको दायरा भित्र समेट्नु पदर्छ ।

शिक्षामा निजी लगानीको अभाव रहेको छ । शिक्षामा न्यून बजेट छुट्याइन्छ , जुन समय अनुकुल रहेको छैन । शिक्षा राज्य प्रदत हुनु पदर्छ । शिक्षाले सवैको पहुँच पु-याउन जरुरी छ।

गुणस्तरको सम्वन्धमा काफ्ले , वासुदेव एवम् अन्य (२०६२) को भनाईमा गरणात्मक शिक्षा आजको सवै भन्दा ठुलो माग हो । व्यक्तिको सन्तुष्टि , सामाजिक उन्नयन , शैक्षिक प्रणालीको प्रभावकारिता र सिकाईको उपलव्धि स्तरलाई एकै साथँ राखेर शिक्षामा गुणात्मकताको स्थापना ग्रहण गर्न सकिन्छ । सिकाईको संसारवाट काम संसारमा स्थापीत हुन गुणात्मक शिक्षाको ठुलो पहिचान हो । वर्तमान सन्दर्भमा , समाजिक समावेशिकता , लक्षित वर्गमा लाभको प्रत्याभुति , विधालय वसाइमा स्थिरता र दिगोपना न्यूनतम शैक्षिक क्षति , लैङ्गिक मैत्री र सीमान्तः परिवार मैत्री शैक्षिक प्रावधान , श्रोतको न्यायीक बाडँफाँड र उपयोग पाठय्क्रममा जीवन सिपहरुको पर्याप्त प्रावधान र अपेक्षित उपलव्धि र प्राप्त सफलता बीचको

निकटतम सम्वन्ध आदि महत्वपुर्ण विषयहरुलाई नै गुणात्मक शिक्षाका महत्वपुर्ण अवयवको रुपमा मानिन्छ (काफ्ले , वासुदेव एवम् अन्य , २०६२) ।

गुणस्तरीय शिक्षा आजको आवश्यक्ता हो । शिक्षामा उचित व्यवस्थापनको कमी रहेको छ । लैङ्गिक विभेदका कारण महिलाहरुको शिक्षामा कम सहभागीता छ । अल्पसंख्यक व्यक्तिहरुका बालवालिकाहरुको लागी पनि मातृभाषामा प्राथमिक शिक्षा लागु गर्नु पर्छ । शिक्षामा समानता र समता ल्याउनु पर्छ । तसर्थ यी दुवैबीच सुमधुर सम्वन्ध छ ।

शिक्षाको सन्दर्भमा , सिन्हा (२०६२) का अनुसार शिक्षा दान होइन अधिकार हो । महिला होस् वा पुरुष होस् शिक्षा पाउनु नैसर्गिक अधिकार हो । सुविधा विहीन र सेवा विहीन अल्पसंख्यक ब्यक्तिहरुलाई राष्ट्रिय मुलधारमा समाहित गर्नुपर्छ । शिक्षाको अवसरवाट बन्चित सवैलाई शैक्षिक मुल प्रवाहीकरणमा ल्याउनकालागी विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन भएता पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा वितीय पहुँच , गुणस्तर , भाषा , संस्कृति आदी सम्वन्धि समस्याहरु , मुद्दाहरु इत्यादि विधमान रहेका छन् । शैक्षिक मुल प्रवाहीकरणकालागी सामाजिक न्याय , समाहीकरण तथा शैक्षिक न्याय जस्ता विषयहरु सम्वैधानिक एवम् कानुनी दस्तावेजमा मात्र सीमित नराखी यसलाई व्यवहारमा चरितार्थ गर्नु अपरिहार्य छ ।

खनाल ( २०६३) ले शिक्षा क्षेत्रमा आवश्यक साधन स्रोतहरु कसरी जुटाउने तथा तिनीहरुको उचित एवम् प्रभावकारी वाडँफाँड कसरी गर्ने जस्ता विधि पक्षहरु शैक्षिक अर्थशास्त्रको विषय भित्र समेट्नु पर्ने हुदाँ यसले निम्न लिखित क्षेत्रहरुको शैक्षिक आर्थिक र सामाजिक विश्लेषण गदर्छ । शिक्षाका खर्च कसले जुटाउने ? समाजवाट कस्तो अपेक्षा राख्ने ? कसरी सस्ता शिक्षा दिने ? क-कसलाई के कति शिक्षा दिने ? समाजिक संरचना , भौगोलिक अवस्था र प्राकृतिक सम्पदाका आधारमा शिक्षाको लगानीलाई कसरी प्रभावकारी बनाउने ? सामाजिक न्यायको सिधान्त र सामाजिक लाभको सिद्वान्त अनुरुप शिक्षा खर्चवाट प्राप्त गरिएको लाभमा सबैको समान पहुँच र अवसर कसरी सुनिश्चित गर्न ? स्रोतलाई उद्देश्यमुलक कसरी वनाउने ? स्रोतलाई सिधैं लक्षित वर्गामा पु-याउन के कस्ता लगानीका निती अवलम्वन गर्ने ? शिक्षा खर्चलाई परिणामसगँ कसरी मिलान गर्ने ? शैक्षिक लगानीका क्षेत्रहरुमा माथी उठाइएका

बुदाँहरुको वारैमा व्यापक छलफल एवम् विश्लेषण हुन सकेमा मात्र अन्तिम निचोढमा पुग्न सकिन्छ भनी आफ्नो पुस्तक शैक्षिक अनुसन्धान पद्वति मा उल्लेख गर्नु भएको छ ।

खनाल (२०६४) का अनुसार विश्वका १६१ देशका ३१५ देशका सघं , संगठनहरुको अन्तराष्ट्रिय महासघंद्वारा चलाइएको " सबैको लागी शिक्षा -२०१५ " को अभियानले गुणस्तरीय शिक्षाको लागी समुदायमा स्वायतता र विकेन्द्रिकरणको नयाँ स्वरुप विकास गर्दै शिक्षालाई सिमान्त बालवालिकाको आवश्यक्ता र स्थानीय आवश्यक्ता अनुरुप वनाउन स्थानीय समुदाय र बालवालिकाहरुलाई गुणात्मक शिक्षा प्रकियाको केन्द्र विन्दुमा राख्नु पर्ने र सामुदायीक अध्ययन केन्द्रलाई सिमीत समुदायको संरचनामा मात्र नराखी सरोकारवाला समुह , शैक्षिक संस्थाहरु , महिला समुहरु , अभिभावक सघं सगठन र र्निवाचीत प्रतिनीधि समेत गरी समग्र समुदायको संरचनामा विकास गर्ने पर्ने जोड दिइएको छ।

लम्साल (२०६६) का अनुसार बालवालिकाहरुको आधारभुत तहसम्मको शिक्षाकालागी राज्य जिम्मेवार भएपनि शिक्षामा भएको खर्चको हिसावले राज्य , अभिभावक र दातृ निकाय गरी तीनवाट श्रोत संलग्न छन् । तर यी तीन वटा निकाय मध्ये राज्य सवै भन्दा ठुलो लगानीकर्ताको रुपमा रहनु पदर्छ । नेपालको शैक्षिक उपलव्धि त्यति उत्साहजनक हुन सकेको छैन , तर पनि विधार्थीको पहुचँमा बृद्धि भएको छ । कक्षा छोड्ने र कक्षा दोह्-याउने विधार्थीहरुको सख्यामा कमी आएको छ । अभिभावकको सामाजिक , आर्थिक अवस्था र वालवालीकाको शिक्षाबीचमा प्रत्यक्ष तर विपरित किसिमको सम्वन्ध रहेको छ । त्यसैले शैक्षिक निति तजुर्मा गर्दा अभिभावकको आर्थिक एवम् सामाजिक अवस्थालाई ध्यान दिनुपर्छ ।

भट्ट ( २०६७) का अनुसार शिक्षामा हुने सरकारी लगानी शिक्षाको गुणस्तर र पहुँचको सुनिश्चितताकालागी हुनुपदर्छ । शिक्षा क्षेत्रमा हुने लगानी पुर्ण रुपमा पिछिडिएको तथा कमजोर वर्गमा केन्द्रित गरी शैक्षिक न्याय प्रदान गरिने तर्फ ध्यान केन्द्रित गर्दै लागत साझेदारी , लागत आपुर्ती सिद्वान्तलाई बढी जोड दिदैं अन्य क्षेत्रको आकर्षण हुन नसक्ने दुगर्म तथा पिछिडिएको क्षेत्रमा सरकारले लगानी बढाउनु पदर्छ । सम्भ्रान्त वर्गले आफै लगानी गर्न सक्ने हुदाँ कमजोर वर्गको पक्षपातरहित पहुँच कायम गरी मुलुकवाट गरिवी तथा पछौंटेपनको अन्तय गर्न शिक्षामा सरकारी वजेटको कम्तिमा २० प्रतिशत लगानी पु-याई

यसको ठुलो अशं आधारभुत तहको शिक्षामा लगाउनुपर्ने देखिन्छ । स्थानीय निकायको सक्षमता विकास गरी उनीहरुको आवश्यक्ता पहिचान मागका आधारमा लगानी गर्ने निती अवलम्वन गर्नुपर्छ । स्थानीय निकायको भुमिका प्रभावकारी वनाएमा गुणस्तरीय शिक्षा सम्भव हुन्छ । यस सिलसिलामा सुवेदी (२०६७) का अनुसार सन् १९६० तिर गरिएको परीक्षणमा बालवालिकाको सिकाई मा विधालयीय तत्व भन्दा घरायसी तत्वको भुमिका बढी हुने भनिए तापनि हाल त्यसो नभई दुवै तत्व जिम्मेवार मानिन्छ । नेपाल जस्तो गरीव मुलुक जहाँ हात मुख जोर्न धौ-धौं पर्ने ३५ प्रतिशत जनता गरीवीको रेखामुनी छन् । त्यहाँ बच्चाको सिकाईमा विधालयले महत्वपुर्ण भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ । विधालय प्रभावकारीतालाई सिकाइ उपलब्धि मार्फत हेरिनु उपयूक्त हुन्छ । हाम्रो देशमा आम अभिभावकले शिक्षा नै बुझेको छैनन् । घरको वातावरण शिक्षालाई प्रवाहक शक्तिको रुपमा सहयोग गर्ने खालका छैनन् । विधालय पठाउने मात्रै पनि ठूलो कुरा मानिन्छ । तसर्थ विधालयले नै बढि भूमिका खेली प्रभावकारी शिक्षण गरिनु पर्ने देखिन्छ ।

कोइराला (२०६७) का अनुसार नेपालमा शिक्षा क्षेत्रमा लगानी वर्षेनी बढाउदै लगीएको छ । तर प्रतिफल उल्लेखनीय रुपमा बृद्धि भएको छैन । गरणस्तरीय शिक्षा पाउन नसक्नु अहिलेको समस्या हो । शिक्षामा लगानी हेर्दा निजी विधालयमा सरकारी लगानी नगन्य छ भने सामुदायीक विधालयमा अरबौंको लगानी सरकारले गरेको छ । तर त्यहाँवाट उत्पादित जनशक्तिको गुणस्तरमा उल्लेखनीय सुधार देखिएको छैन । एकातिर नीतिगत निरन्तरताको अभाव छ भने गरणस्तरीय शिक्षाजोड दिने गरी निति नवन्नु अर्को समस्या छ । वास्तवमा हालसम्मको प्रवृतिलाई हेर्दा शिक्षालाई सरकारले प्राथमिक्तामा पारेको देखिदैन भने स्पष्ट नीतिको अभावमा विधालयहरु अन्यौलग्रस्त छन् । अहिले शिक्षा मन्त्रालयको मागँ कम्तिमा राष्ट्रिय बजेटको २० प्रतिशत रकम छन् । तर सरकारले करीव १७ प्रतिशत बजेट छुट.याएको देखिन्छ । शिक्षाको गुणस्तर कायम राख्न तालीमप्राप्त गुणस्तरीय शिक्षक आवश्यक छ ।

यसै सम्वन्धमा , शिक्षाको माग अनुसार सामुदायीक प्रथमिक विधालयमा प्रयाप्त सरकारी लगानी भएको छैन । तलब भता । प्रशासनीक खर्च , पोषाक , पाठ्यपुस्तक र छात्रवृतिमा सरकारले लगानी गरेको छ । समुदायवाट भौतिक पक्षको निमार्णमा सहयोग भएको पाइएको छ । केही विधालयहरुलाई स्थानीय निकाय र गैर सरकारी सघं संस्थाहरुले पनि सहयोग

गरेको पाइएको छ । सबै सामुदायीक विधालय पुर्ण रुपमा निःशुल्क भए पनि केहीले भर्ना , परीक्षा , विविध खर्च जस्ता नाममा शुल्क लिईरहेका छन् । लगानी वृद्धि गर्ने आयहरुमा सामुदयीक विधालयका छुट्टै बजेट विनियोजन गर्ने , सरोकारवालाहरुलाई जिम्मेवारी वढाउने , विधालयलाई शान्ति क्षेत्र घोषणा गर्ने , विधालय वयवस्थापन समिति , प्रधानाध्यापक र शिक्षकलाई  आर्थिक व्यवस्थापन तालमि दिने , विधालयमा राजनिति नगर्ने , विधिको शासन हुनु पर्ने , विधालयको श्रोत साभनलाई उच्चतम प्रयोगमा ल्याउनु पदर्छ ( कुशवाहा,२०६८ ) ।

अतःसामुदायीक विधालयमा प्रयार्प्त सरकारी लगानी समय सापेक्ष हुन सकको छैन तथा समुदाय , स्थानीय निकाय र गैर सरकारी सघं संस्थाहरुको पनि सहयोग आवश्यक रहेको छ भने यो शोध अध्ययनले ठहर गरेको छ ।

उपरोक्त अध्ययन अनुसन्धानले के ठहर गरेको छ भने हरेक कार्यको जुनसुकै पक्षमा सफलता प्राप्तिकालागी निश्चित प्रणालीमा बाँधिएर गरिएको आर्थिक लगानीले दक्ष जनशक्ति उत्पादनका लागी महत्वपुर्ण भुमिका खेलेको हुन्छ । त्यसैले विना आर्थिक प्रवन्ध कुनै पनि कार्यलाई सफल वनाउन सकिदैन । आर्थिक स्रोत साधन र त्यसको उचित निणर्य एवम् कार्यका माध्यमवाट गरिएको प्रभावकारी परिचालन बेगर कुनै पनि कार्यको अपेक्षित लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिदैन भन्ने निष्कर्षमा प्रस्तुत गरिएको छ ।

## २.२ अध्ययनको अवधारणात्मक खाका

शिक्षामा गरिने लगानी एउटा पद्वति हो । यो समय , स्थान , विशेषमा फरक -फरक हुन सक्छ । सामान्य अर्थमा , शिक्षा खर्चको चाँजो पाँजो मिलाउने र समुचित बाँडफाँड गर्न नियमित प्रकृयालाई शैक्षिक लगानी भन्न सकिन्छ । शिक्षालाई लगानी र उपभोगको रपमा लिन सकिन्छ । लागत लाभको शिद्धान्त तथा शिक्षामा लगानीको स्वरुपलाई लगानीको आपुर्ति पक्ष र लगानीको मागँ पक्ष गरी अलग अलग दृष्टिकोणवाट हेर्न सकिन्छ । लगानी र मागँ सम्वन्धि विवेचना गर्दा " जोहन्स र मोरफेट ( सन् १९७५ ) का सिद्वान्त तथा वेल्स र एमसिजीन सन् १९९० का सिद्वान्तहरु " उल्लेखनीय छन् । यहाँ यिनीहरुकै सिद्वान्तहरुलाई चर्चा गर्न उपयुक्त देखिन्छ ।

जोन्स र मोरफेटका अनुसार शिक्षाको लगानीलाई भावी सन्तुष्टि दिने साधनका रुपमा लिइन्छ । यो नियमित चलिरहन्छ । नयाँ - नयाँ ज्ञान र सिपको विकास मार्ग लगानीको यन्त्र पनि परिवर्तन हुदैं जान्छ । यसै परिप्रेक्षमा शैक्षिक लगानीका केही नयाँ अवधारणाहरु विकसित भए । जस्तै : लगानीको सामाजिक मागँ सम्वन्धि दृष्टिकोण , लगानीको मानवश्रोत पहिचान एवम् विकास सम्वन्धि दृष्टिकोण , लगानीको प्रतिफल दर सम्वन्धि दृष्टिकोण । शिक्षाको सार्वजनिक खर्चलाई सामाजिक कल्याण र सामाजिक मागका आधारमा लगानीको चाँजोपाँजो मिलाउने पद्वतिलाई लगानीको सामाजिक मागँ सम्वन्धिको दृष्टिकोण भनिन्छ । उदाहरणका लागी उच्च शिक्षा भन्दा प्राथमिक शिक्षाको सामाजिक माग वढि हुने हुनाले सार्वजनिक स्रोतको सिद्वान्त अधिकांश हिस्सा प्राथमिक तहको शिक्षामा खर्चिएको हुन्छ । शिक्षाको आर्थिक विशेषता अर्न्तगत शिक्षालाई लगानी र उपभोगको रुपमा लिइन्छ । शिक्षाले सामाजिक मुल्य र मान्यतालाई एक पुस्तावाट अर्को पुस्तामा हस्तात्तरण गर्ने कामलाई यसको सामाजिक कार्यका रुपमा लिइन्छ भने व्यक्तिलाई आफ्नो आवश्यक्ता अनुकुल समायोजन हुन भावी सन्तुष्टि लिन सकिन्छ । विशेष गरी मानवीय पुँजी निमार्णमा प्रयोग हुने अनुमानीत आधारहरु मध्ये शिक्षाको संस्थागत संरचना एवम् देशको आर्थिक एवम् सामाजिक विकासको गतिलाई लिन सकिन्छ । अर्थशास्त्रीय भाषमा लगानी र प्रतिफललाई वितीय नीतिको केन्द्र विन्दु मानिन्छ । यसमा लगानी अनुसार प्रतिफलको आशा गरिन्छ । यसलाई लागत लाभको सिद्वान्त भनिन्छ । यस सिद्वान्तमा शैक्षिक लगानलाई कुनै उक पक्षमा भन्दा शिक्षाका सवै तह तथा स्तरमा सामुपातिक ढङ्गले लगानी गदा् वढी उपयोगीता प्राप्त गर्न सकिन्छ भन्ने मान्यात शिक्षावाट प्रदान हुने व्यक्तिगत लाभ र सामाजिक कामको चर्को बहशलाई निम्तयाउन सकेको देखिदैन । संसारमै सार्वजनिक शिक्षामा आवश्यक साधन स्रोतमा सहुलियत प्रदान गर्ने राज्यको निति वनेको हुन्छ । यही नीति अर्न्तगत प्राथमिक तथा पुर्व प्राथमिक तहवाट अत्यधिक लाभ प्राप्त गर्न सकिने हुनाले अधिकाश मुलुकमा प्राथमिक तहको शिक्षालाई नि:शुल्क र अनिवार्य गरिएको पाइन्छ ।

Welsh र Mcgin का अनुसार शिक्षाको अवसरहरुको सिर्जना गरि दिन्छ , त्यो अवसर नै मानव संशाधनका रुपमा प्रयोग हुन्छ । त्यसैले नै अर्थशास्त्रमा मानव संशाधनमा गरिएको लगानीले श्रम बजारमा रुमिकहरुको उत्पादकत्व बढाउँछ । श्रमिकको उत्पादकत्व बढेपछि ज्यालाको दर स्वत : बढछ् । यसरी शिक्षाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पादर्छ । यी र

यस्तै तथ्यहरुलाई विश्लेषण गर्दा शिक्षामा लगानी राज्यको दायीत्व भित्र हुनुपदर्छ । जसले शिक्षा लिने हो उसले नै शिक्षा खर्चको मुल्य चुकाउनु पदर्छ भन्नेहरुको मत प्रतिस्पर्धी समाजका लागी बलियो देखिन्छ । शिक्षावाट फाइदा लिनेहरु मध्ये एउटा फाइदा हो शिक्षार्थी र तिनीहरुको अभिभावकले शिक्षावाट प्राप्त ज्ञानको प्रयोग गदर्छन् र प्राप्त प्रमाण पत्रको प्रयोग गरी भावी जीवनको सुखद् अवसर प्राप्त गदर्छन । सिद्वान्ततः शिक्षामा लगानीको स्वरुपलाई दुई पृथक ढगंवाट बुझ्न सकिन्छ । जस्तै : लगानीको आपुर्ति पक्ष र लगानीको माग पक्ष । लगानीको आपुर्ती पक्षमा शैक्षिक खर्चको चाँजोपाँजो सरकारले मिलाउँदछ । उदाहरणका लागी शिक्षालयको भौतिक व्यवस्था , शिक्षकको पारिश्रमिक , प्रशासनिक खर्च , मसलन्द खर्च , साल वसालीको रपमा सरकारी कोषवाट बेहोरिने गरिन्छ । यस प्रकारले हुने लगानीको पद्वतिमा आवश्यक्ताको पहिचान र लाभग्राहीको माग पक्षलाई त्यति ध्यान दिइदैन । किनकि राज्यको निती एव दायीत्व अनुसार शैक्षिक लगानीमा विस्तार गरिन्छ । यस पद्वतिले शैक्षिक उपलव्धिलाई लगानीसगँ दाँजेर (Tie–up) हेर्न सक्दैन । कार्य दक्षता भए पनि नभए पनि लगानी यथावत रुपमा प्राप्त भइरहन्छ । लगानीको माग पक्षमा समाजका व्यक्ति , घर , परिवार , समुदाय र व्यवसायीक समाजमा सम्मलित सरोकारवालाहरुले लागत लाभको विश्लेषण गरी शिक्षाको माग गदर्छन् । उदाहरणका लागी शिक्षाको प्रत्यक्ष खर्च जस्तै : शिक्षण शुल्क, शैक्षिक सामग्री , पाठय् पुस्तक , कापी र कलमको आम्दानी लागत समेत घर परिवारले बेहोर्दछन् । शिक्षार्थीले शिक्षावाट लाभ लिन सक्ने भए मात्र शिक्षामा लगानी गदर्छ । यसले गर्दा , शिक्षा प्रणाली कुशल योग्य बन्दछ । गुणस्तरीय शिक्षालाई अवसरहरुले पछ्याउँछन् । परिणाम स्वरुप शिक्षामा जनसहभागिता बढ्दछ ।

जुनसुकै राष्ट्रले आफ्नो योजना , साधन र श्रोतको प्रयाप्तता आदिका आधारमा शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने गदर्छन् । शिक्षा क्षेत्रको विकास भनेको मानवीय श्रोत र साधनको विकास हो । शिक्षामा गरिएको लगानी मानव संसाधनको दीर्घकालिन विकासको लागी गरिने लगानीका रुपमा लिने गरिन्छ । कुनै पनि मुलुकको विकासको स्तिथीलाई अवलोकन गर्न समेत शिक्षामा गरिएको लगानीलाई प्रमुख रुपमा लिने गरिन्छ । जव मानवीय श्रोत र साधनको विकास अधिकतम् हुन्छ , तव राष्ट्रको विकासमा हरेक क्षेत्रले विस्तारै गति लिन थाल्दछ । चेतनशिल समुदाय वढी भएपछि राष्ट्रको विकास स्वतः अगाडी बढ्दै जान्छ ।

शिक्षालाई सामान्यतया सामाजिक सेवाको रुपमा लिइन्छ । तसर्थ , सरकारले शिक्षा क्षेत्रमा वढि लगानी गर्नु पदर्छ । शिक्षामा बजेट विनियोजन गर्ने सवाल राष्ट्रको आर्थीक स्थितीमा भर पदर्छ । जुनसुकै राष्ट्रले कुल राष्ट्रिय उत्पादनको कति प्रतिशतमा रकम शिक्षामा खर्च गर्ने ? राष्ट्रको वार्षिक बजेट कति छुट्टयाउने ? बजेट छुट्टयाउँदा कस्तो सैद्वान्तिक आधार लिने ? शिक्षामा सेवाको आधारमा कति विद्यालय उमेरका बालवालिका छन् ? कति विधालयमा अध्ययन गर्नवाट वञ्चित छन ? यी सवै प्रश्नहरुको लेखाजोखा हुनुपदर्छ ? " सबैको लागी शिक्षा " कार्यक्रमले १८ वटा शैक्षिक सुचकहरुलाई मुख्य रुपमा अगाडी ल्याइएको छ । यी सवै सवालहरुमा केन्द्रित रहेर शैक्षिक क्षेत्रमा आर्थिक लगानीको वृद्धि गरी संख्यात्मक मानव संसाधनको सट्टा गुणात्मक मानव संसाधनको विकास गर्नु पदर्छ ।

काफ्ले (२०६६) ले अझ अगाडी थप्दै भने शिक्षा क्षेत्रमा भएका वर्तमान अध्ययन , अनुसन्धानले देखाए अनुसार विकासोन्मुख देशमा प्राथमिक शिक्षाको झण्डै ९० प्रतिशत बजेट तलवमा नै खर्च हुन्छ । तसर्थ गरिब मुलुकको शिक्षाको हरेक तह यही हिसावले प्रभावीत हुने तथ्यलाई नकार्न सकिदैनन् । नेपालमा उच्चस्तरीय राष्ट्रिय आयोग २०५५ ले बजेटको १७ प्रतिशत शिक्षामा लगानी गर्नु पर्ने र शिक्षा क्षेत्रको कुल बजेटवाट ५५ प्रतिशत आधारभुत तथा प्राविधीक शिक्षामा खर्च गर्नुपर्छ भन्ने नियमाअनुसार शिद्वान्तमा राम्रो पक्ष देखिए तापनि कार्यान्वयनको पक्ष सन्तोषजनक छैन । शिक्षाका लागी पनि यति नै लगानी हुनुपर्छ भन्ने छैन । तर पनि विश्वको शैक्षिक वातावरण , देशको भौगोलिक , सामाजिक , राजनितीक , सांस्कृतिक अवस्था साथै उपलव्ध साधन , श्रोत र शैक्षिक जनशक्तिको प्रर्याप्तताका आधारमा राष्ट्रले शैक्षिक लगानी गर्नुपर्छ ।

यिनै सैद्वान्तिक पक्षलाई यस अध्ययनको आधारमा मानी सामुदायीक विधालयहरुमा सञ्चालित बालविकास केन्द्रहरुमा सरकारले गरेको आर्थिक लगानी , आर्थिक लगानीले व्यवस्थापनमा परेको प्रभाव तथा बालविकास कार्यक्रममा गरिएको लगानीमा देखापरेका समस्याहरु तथा समस्याका समाधानका उपायहरु सरोकारवालाहरु आवश्यक सुझाव र सल्लाह प्रस्तुत गर्न सहयोग पुगोस भन्ने अभिप्रायले प्रस्तुत शिर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

## २.३ अनुसन्धानकालागी पुनरावलोकनको उपादेयता

पुर्ववत अनुसन्धानका प्रमाणहरुलाई उल्लेख गर्नाले आफ्नो अनुसन्धानको क्षेत्रमा भएका र वर्तमानसम्ममा पनि अज्ञात रहेका तथा परिक्षण नगरिएका प्रमाण वा ज्ञानहरुको वारैमा जानकारी प्राप्त गर्न सकिन्छ । यसरी वर्तमान ज्ञान भएका र परीक्षण नगरिएका कुराहरुमा खोज अनुसन्धान गर्नु नै शैक्षिक उपादेयता हो । अनुसन्धान कार्य पुर्व ज्ञान वा पुर्व सिद्वान्तहरुमा आधारित हुन्छ । र पुर्ववत गरिएका अनुसन्धानहरुमा देखिएका सुधारात्मक पक्ष व्याख्या नगरिएका पक्षहरुलाई सुधार वा व्यख्या गर्नुलाई नै नयाँ अनुसन्धानको विषयमा भए गरेका कार्यहरु , तिनले निकालेका शिर्षकहरु र प्रस्तुत गरेका सुझावहरु तथा पुर्ववत अनुसन्धानमा देखिएका ब्याख्या नगरेका पक्षहरुवारै उल्लेखित गर्दै अनुसन्धानकर्ताले उक्त पक्षहरु पुरा गर्न कस्तो अनुसन्धान प्रकृया सञ्चालन गर्न लागेको हो , त्यसको उद्देश्य स्पष्ट गर्नुलाई सम्वन्धित साहित्यको पुनरावलोकनको आवश्यक्ता पदर्छ ।

बालविकास कार्यक्रम कक्षा १ मा भर्ना हुनु पुर्व ३ वर्ष देखी ५ वर्ष समुहका बालवालिकाहरुको शारीरिक , सामाजिक , बौद्विक र संवेगात्मक विकास लगायतका सर्वाङ्गीन चौतर्फी विकासकालागी सञ्चालीत कार्यक्रम भएकोले शिक्षा क्षेत्रमा बालवालिकाको उज्जवल भविष्य रेखाङ्कन गर्ने क्रममा आधारशिला खडा गर्न यो कार्यक्रम अत्यन्तै सान्दर्भिक एवम् उपयोगी सावित भएको पाइन्छ । एकातिर विधमान बदलिदो परिस्थिती र परिवेश अनुसार शिक्षालाई आधुनिकीकरण एवम् परिमार्जन गर्दै लैजानु आजको आवश्यकता हो भने अर्को तिर विश्व परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय एवम् सीपमुलक शिक्षा प्रदान गर्दै जानु राज्यको दायीत्व पनि हो । किनभने शिक्षा नै कुनै पनि राष्ट्रको विकासको आधारशिला भएकाले दक्ष जनशक्ति विना कुनै पनि राष्ट्रले विकासको फडको मार्न सक्दैन । बालविकास कार्यक्रमले बालवालिकाहरुमा सर्वाङ्गीण विकास एवम् सकारात्मक अवधारणाको अभिवृद्वि गर्न विषेश जोड दिइएको छ । यो कार्यक्रम बालवालिकाको आवश्यक्ता , चाहना र बालविकासका चरणहरुलाई समेतलाई ध्यानमा राखी तयार गरिएकाले बालवालिकाको बौद्विक , शारिरिक , सामाजिक एवम् संवेगात्मक पक्षको समानुपातिक र सन्तुलित विकास गर्नमा उपयोगी हुन सक्छ । बाल बचाउ , बाल संरक्षण , बालविकास तथा बाल सहभागिता जस्ता बाल अधिकारका चार पक्षहरुको आधारमा तजुर्मा भएको छ । बालवालिकाको वास्थ्य , सरसफाई , पोषण , स्याहार , सुसार , सुविधा , संरक्षण जस्ता

महत्वपुर्ण आवश्यकताहरुलाई पनी यो कार्यक्रमले विशेष ध्यान पु-याएको छ । साथैं बालवालिकाहरुमा अत्रनिहीत क्षमताको प्रस्फुटन , आत्मविश्वास , आफु सुरक्षित भएको अनुभुति स्वाभीमानको विकासमा अभिबृद्धि गर्न सहयोग मिल्दछ ।

आजका बालवालिकाहरु राष्ट्रको लागी भविष्यका कर्णाधार हुन् । उनीहरुलाई सक्रिय तथा सक्षम नागरिक वनाउने वातावरण सृजना गर्नु हामी सबैको उतरदायित्व हो । तसर्थ बालविकास केन्द्रहरुलाई आर्थिक तथा सामाजिक रुपमा व्यवस्थित गर्दै उपयुक्त शैक्षिक वातावरणको सृजना गरी सामुदायीक विधालयलाई आफ्नो दायित्व बोध गराउन र सरल ढगँबाट एकरुपताको साथै देश भरिनै यस्ता बालविकास केन्द्रहरु सञ्चालन गरी अन्तराष्ट्रिय स्तरमा समेत राम्रो सन्देश प्रवाह गर्न राज्यलाई सहयोग पुग्ने छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

यस शोध कार्यमा " बालविकास केन्द्रमा गरिएको लगानी " सगँ सम्वन्धित पुर्ववत् साहित्यहरुको पुनरावलोकन गरिएको छ । पुर्ववत साहित्य तथा अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव र निष्कर्ष अनुसार विधालयमा अधारित बालविकास केन्द्रमा शुल्क लगाउन , कक्षा छोड्ने प्रवृति हटाउने नीति निमार्ण गर्न सहयोगी कार्यकर्ताले सञ्चालन गर्ने शिक्षण सिकाई कृयाकलापमा सुधार गर्ने , मुल्यांङ्कन प्रणालीमा सुधार गर्नुपर्ने , सहयोगी कार्यकर्ताको कार्य दक्षता बृद्धि गर्न तालिममा जोड दिइएको छ । सामुदायीक विधालयमा आधारित बालविकास केन्द्रमा गरिने लगानीको वर्तमान अवस्था पहिचान गर्न , लगानी बृद्धि गर्ने उपायहरुको विश्लेषण गर्न , लगानीको समस्याहरु खोजी गर्न र बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानका उपायहरुको सुझाव नै यस अध्ययनको शैक्षिक उपादयता हो ।

अतः बालविकास केन्द्रमा लगानी बृद्धि गर्ने कार्यमा शैक्षिक योजनाकार , शैक्षिक प्रशासक , विधालय ब्यवस्थापन समिति , प्रधानाध्यापक , अभिभावक तथा सो सम्वन्धि शोधकार्य गर्ने शोधकर्तालाई समेत थप उर्जा प्राप्त हुन सक्छ । अगामी दिनमा लगानी बृद्धि गर्न र शैक्षिक लगानीको क्षति न्यूनीकरण गर्नमा सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि र प्रकिया

कुनै पनि कार्यकम सम्पन्न गर्ने उद्देश्यले विषयवस्तुको स्परुप अनुसार निश्चित उद्देशय प्राप्त गर्नका लागी विभिन्न उपायहरुको अवलम्वन गर्नुलाई नै विधि भनिन्छ । यसले अनुसन्धान कार्यलाई मार्ग दर्शन गदर्छ । यसमा जुन तरिकावाट तथ्यांक संकलन गर्ने , विश्लेषण गर्ने तथा निष्कर्षमा पुग्ने गरिन्छ ; त्यसलाई सविस्तार उल्लेख गरिएको हुन्छ ; यस अध्ययन कार्य अर्न्तगत अनुसन्धान ढाचाँ , अध्ययनका जनसंख्या एवम् नमुना छनौंट विधि तथा नमुना छनोटका आधारहरु तथ्याकंका स्रोतहरु , तथ्यांक संकलनका साधनहरु र तथ्याकं संकलन विश्लेषण र प्रस्तुतीकरण गर्दा अपनाउने प्रकियाहरुलाई उल्लेख गरएको छ । यस शोधपत्रको अध्ययन अनुसन्धान गर्ने कममा गुणात्मक र परिमाणत्मक अनुसन्धान विधि प्रयोग भएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानका लागी आवश्यक तथ्याकंहरुको संकलन र विश्लेषण कम लागतमा सान्दर्भिक हुन सकोस् भनी गरिने ब्यवस्थालाई नै अनुसन्धान ढाँचा भनिन्छ (खनाल , २०६५) । अनुसन्धान ढाँचा २ किसिमका हुन्छन् पहिलो सैद्वान्तिक अनुसन्धान ढाँचा र दोस्रो प्रयोगात्मक अनुसन्धान ढाँचा । यो शोधपत्र मिश्रीत ढाँचामा आधारित छ । यसको मुख्य उद्देश्य शोध प्रश्नहरुको जवाफ प्राप्त गर्नु र विचलनहरुलाई नियन्त्रण गर्नु हो । निश्चित खोजमुलक प्रश्नहरुको जवाफ प्राप्त गर्न शोध ढाँचाले कार्यविधि , संरचना र योजना तयार गदर्छ । जसको माध्यमबाट अनुसन्धानकर्ताले ती प्रश्नहरुको समाधान पता लगाउन सामर्थ हुन सक्दछ ।

अनुसन्धान ढाँचा अनुसन्धान खोजको निम्ति अनुसन्धान कार्यका लागी तयार पारिनु एक वृहत योजना एवम् रुपरेखा हो । यस कार्यमा विषयको छनौट देखि लिएर तथ्यांक संकलन , विश्लेषण र प्रस्तुतिकरण कार्यसम्म कुन - कुन विधि अवलम्वन गर्ने हो ? सो को विस्तृत प्रकृया तथा योजना समेटिएर अनुसन्धानकर्तालाई आफ्नो कार्यका लागी मार्ग निर्देशन प्रदान गदर्छ । ( खनाल , २०६५) । यस अध्ययनको नीतिगत अवस्था , अवसरहरुको पहिचान ; समस्याहरु र समाधानका उपायहरु पहिल्याउन प्राप्त राय , सल्लाह र सुझाव एवम्

तथ्यांकलाई शाब्दिक रुपमा तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य यस अनुसन्धानमा गरिएकोले यो अनुसन्धान वर्णात्मक अनुसन्धान ढाँचामा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट विधि

### ३.२.१ अध्ययनको जनसंख्या

शैक्षिक अनुसन्धानको क्रममा कुनै निश्चित समयमा अध्ययन गरिने समूहसगँ सम्वन्धित सम्पुर्ण सदस्यलाई त्यस अध्ययनको जनसंख्या भनिन्छ । अनुसन्धानकर्ताले उद्देश्य परिपूर्तिका लागी कस्ता - कस्ता संख्याहरु एवम् पदाधिकारीहरुलाई छनोट गर्दा सान्दर्भिक र प्रमाणिक सूचना प्राप्त गर्न भन्ने उद्देश्यले जनसंख्या अध्यय्नको क्षेत्रलाई नमुना छनोट विधिबाट छनोटमा परेका राजविराज नगरपालिका र रायपुर गा.वि.स.का विधालय व्यवस्थापन समितिका पदाधिकारीहरु , शिक्षक अभिभावक सघं , अभिभावक बालविकास सहयोगी कार्यकर्ता , प्रधानाध्यापक  श्रोत ब्यक्ति , विधालय निरीक्षक तथा जिल्ला शिक्षा अधिकारी यस अध्ययनका जनसंख्या हुन् ।

### ३.२.२ अध्ययनको नमुना छनोट

कुनै पनि अनुसन्धान कार्यको लागी निर्धारित जनसंख्याको उचित किसिमले प्रतिनिधित्व हुने गरी छनोटबाट गरिएको प्रतिनिधिमुलक सानो अशँलाई नमुना छनोट भनिन्छ । नमुना छनोट गर्दा एउटा निश्चित नियमको आधारमा गरिनु पदर्छ । निश्चित पद्वति अपनाएर गरिएको छनोटवाट प्राप्त जनसंख्याको प्रतिनिधित्व हुनसक्छ । नमुना छनोटका लागी अवलम्वन गरिने त्यस्ता पद्वतिलाई नमुना छनोट पद्वति भनिन्छ । नमुना छनोटलाई मुख्य गरी दुई वर्गमा विभाजन गरिन्छ । एउटा संभावनायूक्त र अर्को सम्भावनारहित । सम्भावनायूक्त नमुना छनोट विधिका आधारमा एउटा शहर र एउटा ग्रामिण गरी दुई किसिमका सामुदायीक विधालयका बालविकास केन्द्रहरु पदर्छ , जसमा शहर तर्फ राजविराजका १ वटा उच्च मा.वि., १ वटा मा.वि., १ वटा नि.मा.वि.,१ वटा प्रा.वि.तथा ग्रामिण तर्फ १ वटा उच्च मा.वि., १ वटा नि.मा.वि.,२ वटा प्रा.वि.जम्मा ८ जटा विधालयमा आधारित बालविकास केन्द्रलाई सम्भावनायूक्त नमुना छनौटबाट छनोट गरिएका छन् । जसमा उद्देश्यमुलक नमुना छनोटका आधारमा तिनै विधालयगिँ सम्वन्धित प्र.अ.८ जना , सहयोगी कार्यकर्ता ८ जना , वि.व्य.स.का अध्यक्ष ८ जना , श्रोत व्यक्ति २ जना , विधालय निरिक्षक २ जना , शिक्षक

अभिभावक संघका अध्यक्ष ८ जना , जि.सि.अ.१ जना तथा सम्भावनायूक्त नमुना छनोटका आधारमा अभिभावक ८ जना गरी ४५ जनालाई तथ्याकं संकलन गर्नका लागी छनोट गरिएका छन् ।

### ३.३ तथ्यांक स्रोतहरु

तथ्यांकहरु जहाँबाट प्राप्त गर्न सकिन्छ , त्यस क्षेत्रलाई तथ्यांकको स्रोत मानिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्यांक प्राप्त हुने स्रोतहरु फरक -फरक हुन सक्छन् । तथ्यांकका स्रोतहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

#### ३.३.१ प्राथमिक श्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्यांकहरुलाई प्राथमिक श्रोत भनिन्छ । प्रथम पटक नै अनसन्धान गर्ने भएकाले तिनीहरुको व्याख्या विश्लेषण गर्ने अधिकार पनि अनुसन्धानकर्ताकै रहने गदर्छ । यस विधिमा अनुसन्धानकर्ताद्वारा प्रश्नावली , अवलोकन , अन्तवार्ता , अनुसन्धान आदिको माध्यमवाट आवश्यक तथ्याकंक संकलन गरिन्छ । प्राथमिक तथ्यांकालागी सप्तरी जिल्लाका राजविराज नगरपालिका तथा गा.वि.स.रायपुर अर्न्तगत छनोटमा परेका सामुदायकि विधालयमा आधारित बालविकास केन्द्रका प्र.अ., सहयोगी कार्यकर्ता , वि.व्य.स.अध्यक्ष , शिक्षक अभिभावक सघंका अध्यक्ष , स्रोत व्यक्ति लगायत जि.शि.अ.सगँ प्रत्यक्ष सम्पर्क राखी यस बालविकास कार्यक्रमको आर्थिक लगानका समस्या र त्यसका समाधानका उपायहरुका बारेमा प्रश्नावली भर्न लगाउनुको साथै अन्तवार्ता पनि लिइएका छसगँ प्रत्यक्ष सम्पर्क राखी यस बालविकास कार्यक्रमको आर्थिक लगानका समस्या र त्यसका समाधानका उपायहरुका बारेमा प्रश्नावली भर्न लगाउनुको साथै अन्तवार्ता पनि लिइएका छन् ।

#### ३.३.२ द्वितीय श्रोत

अनुसन्धानका सिलशिलामा पुर्व प्रकाशित तथा संकलित तथ्यांकहरुलाई द्वितीय श्रोत भनिन्छ । अर्थात आफैले संकलन नगरी अरुद्वारा संकलित प्रकाशित तथा अप्रकाशित जनर्ल , रिपोर्ट , पत्रपत्रिका , चिट्ठी पत्र विभिन्न कायालर्यद्वारा प्रकाशित लेख तथा अभिलेख आदिको राम्रो अध्ययन गरी त्यसबाट आफुलाई चाहिने आवश्यक तथ्यांक तथा जानकारी संकलन गरिन्छ ।

द्वितयि स्रोतका रुपमा ब्यक्तिगत दस्तावेज (जीवनगाथा , डायरी , चिट्ठी पत्र , स्मरण ) तथा सार्वजनिक दस्तावेज ( प्रकाशित तथा अप्रकाशित ) का शोध ग्रन्थहरु आदि हुन् (खनाल , २०६५) ।

यस अध्ययनका नीतिगत अवस्थाको पहिचान र त्यसमा देखापर्न सक्ने समस्याहरुको सम्वन्धमा बालविकास कार्यक्रमका मुल दस्तावेज , प्रारम्भिक बाल्यावस्था विकासका आधार , शिक्षाको वितीय शास्त्र , शैक्षिक स्मारिका , विधालय क्षेत्र सुधार योजना , शिक्षा शास्त्र र जनरल आदिलाई द्वितीय श्रोतका रुपमा लिइएका छन ।

यस अध्ययनका नीतिगत अवस्थाको पहिचान र त्यसमा देखापर्न सक्ने समस्याहरुको सम्वन्धमा बालविकास कार्यक्रमका मुल दस्तावेज , प्रारम्भिक बाल्यावस्था विकासका आधार , शिक्षाको वितीय शास्त्र , शैक्षिक स्मारिका , विधालय क्षेत्र सुधार योजना , शिक्षा शास्त्र र जनरल आदिलाई द्वितीय श्रोतका रुपमा लिइएका छन ।

### ३.४ तथ्याकं संकलनका साधनहरु

यस अध्ययनका लागी सर्वेक्षण गर्ने क्रममा अध्ययनका साधनहरुको रुपमा खुल्ला र बन्द प्रश्नावली बनाई तथ्याकं संकलन गरिएको थियो । साथै अन्तवार्ता समुह छलफल , बालविकास केन्द्रको अवलोकन पनि गरिएको थियो । यस अध्ययनलाई विश्वासिलो बनाउन अध्ययनकर्ताले नमुना छनोटमा परेका विधालयमा गई तथ्यांक संकलन गरेको थियो ।

### ३.४.१ प्रश्नावली

प्रश्नावली मनोवैज्ञानिक, सामाजिक , शैक्षिक इत्यादि विषयसगँ सम्वन्धित शृङखलावद्ध प्रश्नहरु संकलन गर्ने त्यो साधन हो , जसलाई अनुसन्धानका समस्याहरु समाधान गर्ने उद्देश्यले ब्यक्ति तथा ब्यक्तिहरुको समुहमा पठाइन्छ । प्रश्नावलीमा समावेश हुने प्रश्नहरुको स्वरुप र प्रकृतिका आधारमा प्रश्नावली वर्गीकरण गरिएको पाइन्छ । तर सामान्तया प्रश्नावलीलाई संरक्षित , असंरक्षित , खुल्ला , वन्द , निर्णयात्मक र मिश्रित रुपमा वर्गीकरण गर्न सकिन्छ , यस अध्ययन अनुसन्धानले राखेका उद्देश्य पुरा गर्नका लागी नमुना छनोटका परेका प्रधानाध्यापक , वि.व्य.स.अध्यक्ष , अभिभावक , बालविकास कार्यक्रमका सहयोगी कार्यकर्ता , शि.अ.सघंका प्रतिनिधिहरु , श्रोत व्यक्ति , विधालय निरिक्षकहरुलाई सोधिने

प्रश्नावली निर्माण गरिएका छन् । जसमा खुल्ला र बन्द प्रकृतिका प्रश्नहरु राखिएका छन् । जो अनुसुचि १ , २ , ३ , ४ र ५ मा उल्लेख गरिएको छ ।

### ३.४.२ अवलोकन

अवलोकन विधि शैक्षिक कार्यक्रम स्थलमा प्रत्यक्ष उपसिथत भएर वस्तुस्थितिको सुक्ष्म जाचँ गरी तथ्याकं संकलन गर्ने विधि हो । यस विधिमा अनुसन्धानकर्ता आफैले प्रत्यक्ष रुपमा अवलोकन गरी तथ्यांक संकलन गर्ने भएकाले नतिजा भरपर्दो , विश्वसनीय र बैध हुन्छ । यसले अनुसन्धानकर्तालाई अनुसन्धानको निष्कर्षमा पुग्न सहयोग पु-याउँदछ । अवलोकन फारम अनुसुचि ६ मा देखाईएको छ ।

### ३.४.३ अन्तार्वाता

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्यांक संकलन गर्ने साधनलाई अन्तवार्ता भनिन्छ । जसको माध्यमवाट अनुसन्धानकर्ताले आफ्नो अध्ययन क्षेत्रको ब्यक्तिहरुसगँ सम्बन्धित कुराकानी गरेर अध्ययन क्षेत्रका ब्यक्तिले व्यक्त गरेको गरेको विचारलाई नोट गरिन्छ। अन्तवार्तालाई विभिन्न आधारमा वर्गाकरण गरिएता पनि उद्देश्यको आधारमा निदानात्मक , उपाचारात्मक , छनोट अनुसन्धान अन्तवार्ताका रुपमा वर्गीकरण गर्न सकिन्छ । ब्यक्तिसगँको प्रत्यक्ष सम्पर्कद्वारा जानकारी तथा तथ्यांकहरु प्राप्त गरिने भएकाले प्राप्त तथ्यांक तथा जानकारीहरु भरपर्दो , विश्वसनीय तथा वैध हुन्छन् । यस अर्न्तगत नमुनामा परेका विधालयमा बालविकास केन्द्रहरुका स्थानीय अभिभावक तथा सम्वन्धित ब्यक्तिहरलाई सम्वन्धित केन्द्रहरुमा नै भेला गराई व्यापक छलफल गरिएको थियो । जसवाट विधालयमा आधारित बालविकास कार्यक्रम , आर्थिक लगानीको व्यवस्थापनमा समुदायले कस्तो भुमिका निवार्ह गर्दै आएको छ भन्ने विषयमा स्पष्ट हुन सकिने र सुधारको लागी सुझावहरु समेत आउन सक्ने अपेक्षा राखिएको थियो ।

### ३.४.४ समूह छलफल

एउटा ब्यक्तिले लिएको निणर्य भन्दा समुहले लिएको निणर्य उतम हुन्छ भन्ने कथनलाई चिन्तन मनन् गर्दै वास्तविक तथ्य संकलन गर्न नमुनामा परेका विधालयमा आधारित बालविकास केन्द्रका सरोकारवाला व्यक्ति ( प्र.अ.,वि.व्य.स., अभिभावक , स्थानिय बुद्दिजिवी)

लाई सम्वन्धित केन्द्रमा भला गराई उद्देश्यमुलक छलफल गरिएको थियो । जसवाट बालविकास कार्यक्रममा गरिएका लगानी बृद्धि गर्न उपयूक्त सुझाव समेत आएको थियो ।

### ३.५ तथ्यांक संकलन प्रकिया

तथ्यांक संकलन गर्दा अपनाइने तोरतरिका नै तथ्यांक संकलन प्रकृया हो । ( खनाल , २०६५) बालविकास कार्यक्रममा गरिएको लगानीको उद्देश्यलाई परिपुर्ती गर्नकालागी छनोटमा परेका एउटा नगरपालिका र एउटा गा.वि.स.का रुपमा परिचित राजविराज र रायपुर गरी २ वटा श्रोत केन्द्रका १-१ वटा सामुदायीक विधालयमा आधारित बालविकास केन्द्रहरुलाई छनोट गरी त्यससगँ सरोकार राख्ने सहयोगी कार्यकर्ता , प्र.अ., अभिभावक , वि.व्य.स.का प्रतिनिधी , श्रोत व्यक्ति , विधालय निरीक्षक जस्ता सरोकारवाला ब्यक्तिहरुसगँ प्रश्नावली , अनतवार्ता , व्यक्तिगत एवम् सामुहिक छलफल गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.६ तथ्यांक विश्लेषण प्रकिया

तथ्यांकको विश्लेषण प्रक्रिया भन्नाले अनुसन्धानका प्रश्नहरको उतर प्राप्त गर्न तथ्यांकहरुलाई वर्गीकरण गर्ने , क्रममा राख्ने , सञ्चालन गर्ने तथा सारांश प्रस्तुत गर्ने प्रक्रिया हो ( खनाल , २०६५ ) । यस अध्ययनका लागी आवश्यक पर्ने तथ्यांकको संकलनको आधार मुख्य रुपमा प्राथमिक श्रोतलाई नै मानिएको छ । जसमा स्थलगत सर्वेक्षण नै प्रमुख मानिएको छ । यस शोध पत्रमा गुणात्मकक तथा परिमाणात्मक दुवै प्रकारका तथ्यांकलाई आवश्यकता अनुसार तालिका , रेखा चित्र आदिद्वारा सरल तथा स्पष्ट रुपमा राखिएको छ भने सो तालिकामा उल्लेखित विवरणहरुलाई ब्यापक रुपमा विश्लेषण गरी वर्णात्मक विधिद्वारा शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद चार
# नतिजाको विश्लेषण

करलिङ्ग (१९८६) को शब्दमा विश्लेषणको अर्थ अनुसन्धानको समस्याको समाधानार्थ संकलित तथ्यांकहरु स्तरीयकरण , निर्धारण , कम परिवर्तन र संक्षिप्तमा प्रस्तुत गर्नु हो । यो शोध अध्ययनमा सप्तरी जिल्लाको बालविकास कार्यक्रममा गरिएको लगानीको प्रभावमा आधारित रहेको छ । यस अध्ययनमा गुणात्मक तथा परिणात्मक दुई प्रकारका तथ्यांकलाई आवश्यक्ता अनुसार तालिकाद्वारा सरल एवम् स्पष्ट रुपमा राखिएको छ , भने उक्त तालिकामा दिइएको विवरणलाई विस्तृत रुपमा तथ्यांकको ब्याख्या तथा विश्लेषण गरी निम्न बुदाँहरुको आधारमा प्रस्तुत गरिएको छ ।

## ४.१ बालविकास केन्द्रमा गरिएको लगानी

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको विश्लेषण गर्दा बालविकास केन्द्रको विवरण , बालविकास केन्द्रको आम्दानी खर्च विवरण तथा अभिभावकहरुको लगानी । गैर सरकारी संघ संस्थाको लगानीलाई कमशः तल उल्लेख गरिएको छ ।

### ४.१.१ बालविकास केन्द्रको विवरण

यस सप्तरी जिल्लामा सामान्यतया ४ वर्ष मुनिका बालबालिकाहरुको लगीी दुई प्रकारका कार्यक्रमहरु सञ्चालित छन् । जसमा पुर्व प्राथमिक शिक्षा जुन संस्थागत विद्यालयहरुमा नर्सरी , एल.के.जी., र यु.के.जी.आदि कक्षको नामबाट सञ्चालन भएका छन् भने बालविकास कार्यक्रम जुन शिक्षा विभागबाट प्राप्त कोटाको आधारमा समुदायमा आधारित र विद्यालयमा आधारित गरी दुई प्रकारका जिल्ला शिक्षा कार्यालय , सप्तरीको निर्णय अनुसार जिल्लाभरि सञ्चालित छन् । जस अर्न्तगत जिल्लाभरिमा ६७१ वटा बालविकास केन्द्र सञ्चालित छन् । जसमा ७,२८५ केटा र ७,५९७ गरी १४,८८२ जना बालबालिका , बालविकास केन्द्रबाट प्रत्यक्ष रुपमा फाइदा लिई राखेका छन् तथा त्यस बालविकास केन्द्रका ६७१ महिला सहयोगी कार्यकर्ताद्वारा अध्ययन गराईरहेका छन् ।

यस शोध अध्ययन प्रक्रियालाई सरल एवम् कम खर्चिलो बनाउदा सप्तरी जिल्लाको १० वटा श्रोत केन्द्र मध्ये के.अ.मा.वि.राजविराज श्रोत केन्द्र तथा उ.मा.वि.सखुवा कचन्दाहा श्रोत केन्द्र अर्न्तगतका राजविराज नगरपालिकाको १९ वटा वालविकास केन्द्र मध्ये सामुदायिक विद्यालयमा आधारित ४ वटा तथा रायपुर गा.वि.स.को ४ वटा वालविकास केन्द्रहरु नमुना छनौटका आधारमा ८ वटा बालविकास केन्द्रहरुलाई नमुनाको रुपमा लिइएको छ । जस अर्न्तगत श्री प.वि.उ.मा.वि.राजविराजमा ५० बालवालिका मध्ये ३० जना दलित र २० जना जनजाती , श्री के.अ.मा.वि.राजविराजमा ३१ जना वालवालिका मध्ये ११ जना दलित र ९ जना जनजाती त्यसैगरी श्री क.न.उ.मा.वि.नकटीरायपुरमा ६३ जना बालवालिका मध्ये ९ जना दलित र ५ जना जनजाती र ५० जना गैर दलित बालवालिका अध्ययन गरिरहे पाइयो । जसको विवरण निम्नानुसार छन् :-

**तालिका ४.१ नमुना छनोटमा परेका बालविकास केन्द्रहरुको विवरण**

| **क.सं.** | **विद्यालयको नाम** | **ठेगाना** | **जम्मा बालवालिका** | | | **दलित** | | **जनजाती** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **छात्र** | **छात्रा** | **जम्म** | **छात्र** | **छात्रा** | **छात्र** | **छात्रा** |
| १ | श्री प.वि.मा.वि | राजविराज | २५ | २५ | ५० | १५ | १५ | ०८ | १२ |
| २ | .श्री के.अ.मा.वि. | राजविराज | २१ | १८ | ३९ | ०७ | ०४ | ०४ | ०५ |
| ३ | श्री नि.मा.वि. | राजविरज थानगाछी | ०८ | २६ | ३४ | ०५ | १५ | ०३ | ११ |
| ४ | श्री रा.प्रा.वि. | खैरसाल | १७ | ०९ | २६ | ०३ | ०२ | १४ | ०७ |
| ५ | श्री क.न.उ.मा.वि. | नक्टी रायपुर | १५ | ४८ | ६३ | ०४ | ०५ | ० | ०५ |
| ६ | श्री वुधेश्वर नि.मा.वि. | हरिरावा | २५ | २७ | ५२ | ०५ | ० | ०२ | ०३ |
| ७ | श्री जेसिस प्रा.वि. | पौवा | १७ | १५ | ३२ | १५ | १४ | - | - |
| ८ | श्री आ.स.रा.प्रा.वि. | लौवापार | १८ | १५ | ३३ | १० | १२ | - | - |
| | जम्मा | | १३६ | १८३ | ३१९ | ६४ | ५५ | ३१ | ४३ |

*(श्रोत : स्थलगत अध्ययन , २०६९ )*

प्रारम्भिक बालविकास कार्यकम सञ्चालन सम्वन्धि निर्देशिका २०६१ अनुसार उक्त तालिका विश्लेषण गर्ने हो भने प्रति कक्षा न्यूनतम २० देखि अधिकतम २५ बालवालिका हुनुपर्नेमा

न्यूनतम २६ देखि ६३ बालवालिकासम्म देखन्छ । औसतमा प्रति कक्षा ४२ जना बालबालिकाहरुलाई एउटै कक्षामा राखेर केन्द्र सञ्चालन गरिएको छ । त्यसको प्रमुख कारण आर्थिक लगानीको कमि र उचित ब्यवस्थापनको अभाव देखिन्छ । त्यस्तै छात्र र छात्राको स्थितीलाई तुलना गर्दा ८ वटा केन्द्रहरुमा जम्मा छात्र तर्फ १३६ र छात्रा तर्फ १८३ जना , दलित तर्फ छात्र ६४ जना र छात्रा ५५ र जनजाती तर्फ छात्र ३१ छात्रा ४३ जना बालवालिकाहरु हुनुले यसलाई असमान पहुँच एवम् सहभागीता देखिन्छ ।

उपरोक्त तालिका अनुसार प.वि.उ.मा.वि.राजविराज तथा नि.मा.वि.खैरसालमा गैर दलित बालबालिकाहरु अध्ययनरत देखिएन । त्यस्तै श्री जेसिस रा.प्रा.वि.पौवामा जनजाती बालबालिका अध्ययनरत देखिएन । नगरपालिका विद्यालयहरुमा दलित बालबालिकाको संख्या वढि र गा.वि.स.भित्र पर्ने विद्यालयमा दलित बालबालिकाको संख्या कम देखिन्छ । नगरपालिकाका गैर दलित बालबालिकाहरु निजी विद्यालयहरु तिर आर्कषित देखियो । सबभन्दा वढी बालबालिका क.न.उ.मा.वि.नक्टिरायपुरमा र सबभन्दा कम बालबालिका आर्दश सरस्वती रा.प्रा.वि.लोवापार बालविकास केन्द्रमा अध्ययनरत देखियो ।

## ४.२ बालविकास केन्द्रको आम्दानी खर्चको विवरण

विद्यालयमा आधारित बालविकासकेन्द्रमा सरकारी लगानीको वर्तमान अवस्था विश्लेषण गर्दा सरकारले थोरै लगानी गरे पानि शिक्षाको माग अनुसार लगानी प्राप्त भएको छैन । सरकारले गरेको लगानीवाट सहयोगी कार्यकर्ताको पारिश्रमिक पनि पुग्ने अवस्था नरहेकोले बालविकास केन्द्रहरुको शैक्षिक र भौतिक पक्षको विकास भएको देखिदैन । सरकारले विद्यालयमा आधारित बालविकास केन्द्रमा निम्न शिर्षकहरुमा रकम दिने गदर्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : बालविकास केन्द्रको आय - व्यय**

| क्र. सं. | आय | | क्र. सं. | व्यय | |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम |
| १. | सहयोगी कार्यकर्ताको पारिश्रमिक | २,४००।- | १. | तलब भुक्तानी | २,४००।- |
| २. | दशैं खर्च | २,४००।- | २. | चाडँपर्व खर्च | २,४००।- |
| ३. | मसलन्द | १,०००।- | ३ | शैक्षिक सामग्री वापत | १,०००।- |
| | जम्माः- | ४,९००।- | | | ४,९००।- |

*(श्रोत स्थलगत सर्वेक्षण , २०६९)*

बालविकास कार्यक्रमहरुको आर्थिक लगानीको लेखाजोखा गर्न बालविकास केन्द्रहरु , सरकारी अनुदानवाट सञ्चालन भइरहेको छ । “ सवैको लागी शिक्षा ” कार्यक्रमबाट जिल्ला शिक्षा कार्यालयले सहयोगी कार्यकर्ताको पारिश्रमिकको लागी वार्षिक रुपमा रु ३१,२००।- विद्यालयको खातामा निकाशा गदर्छ । मसलन्दको रुपमा वार्षिक रु १,०००।- अनुदान दिने गदर्छ । रु ३१,२००।- बालविकास केन्द्रको सहयोगी कार्यकर्तालाई पारिश्रामिक (तलब) मा र रु १,०००।- शैक्षिक सामग्रीमा विद्यालयहरुले खर्च गदर्छ । अतः विद्यालयको आवश्यक्ता र माग अनुसार बालविकास कार्यक्रममा प्रति विद्यार्थी अनुदान मासिक रुपमा रु ७९.०२ दिने ब्यवस्था सरकारले गरेको छ ।

**४.१.३ बालविकास केन्द्रमा अभिभावकको लगानी**

सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरु विद्यालयकै घेरा भित्र , विद्यालयकै रेखदेख र सहयोगमा सञ्चालित हुन्छन् । तर पनि शैक्षिक नीति अनुरुप यस्ता बालविकास केन्द्रहरुको छुट्टै सम्वन्धित अभिभावकबाट ब्यवस्थापन समिति गठन हुनु पर्ने हो । तर त्यो भएको देखिदैन । स्थलगत अध्ययनले के देखाएको छ भने विद्यालयले बालविकास केन्द्रमा अध्ययन गर्न बालवालिकाका अभिभावकहरुलाई कहिले पनि बैठकमा वोलाइदैन तथा बालविकास केन्द्र सम्वन्धि हामी केही जानकारी छैन भन्ने अभिभावकहरुको भनाई थियो । बालविकास केन्द्रहरु सरकारले दिएको अनुदानमा मात्र निर्भर रहेको छ । अभिभावकहरुवाट त्यस्तो बालविकास केन्द्रमा आर्थिक लगानी गरिएको देखिदैन ।

### ४.१.४ बालविकास केन्द्रमा गैर सरकारी सघं संस्थाको लगानी

गैर सरकारी सघं संस्थाहरुले द्यिालयमा आधारित बालविकास केन्द्रहरुमा आर्थिक लगानी गरिएको देखिदैन । बालविकास केन्द्रले विद्यालयकै भवन , फर्निचर , शैक्षिक सामग्री , खानेपानी तथा शौचालय प्रयोग गरेको देखिन्छ । जसमा गैर सरकारी सघं संस्थाहरुको लगानी नभएको यस शोध अध्ययनले देखायो ।

लगानीको आपुर्ती सिद्धान्त अनुसार सामुदायिक विद्यालयको सम्पुर्ण शैक्षिक खर्चको व्यवस्था सरकारले गदर्छ । शिक्षकको तलब भता प्रशासनिक खर्च , ब्यवस्थापन एवम् मसलन्द समेत सरकारको जिम्मा रहेको छ । तर विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको पारिश्रमिक र मसलन्द मात्र सरकारले व्यवस्था गरेको पाईन्छ । लगानीको माग पक्ष अनुसार शिक्षाको माग बढ्दै गएकोले माग अनुसार सरकारले प्रयाप्त लगानी गर्न सकेको छैन । विद्यालय अध्ययन गरिरहेका विद्यार्थीहरुलाई दलित छात्रवृति , छात्रावृति तथा विशुद्ध प्राथमिक विद्यालयमा दिवा खाजाको व्यवस्था समेत सरकारको लगानी गरेको पाइयो । तर उक्त विद्यालयमा रहेका बालविकास केन्द्रमा अध्ययन गरिरहेका बालवालिकाहरुलाई छात्रवृति तथा खाजाको व्यवस्थामा सरकारले लगानी गरेको पाइएन ।

## ४.२ बालविकास केन्द्रमा गरिएको लगानीले ब्यवस्थापनमा परेको प्रभाव

विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा गरिएको लगानी विश्लेषण गर्दा बालविकास केन्द्रको भौतिक पक्ष , शैक्षिक पक्ष तथा सहयोगी कार्यकर्ताको व्यवस्थापनमा समेत प्रंभाव पारेको देखिन्छ । जुन तल उल्लेख गरिएको छ ।

### ४.२.१ भौतिक पक्ष

#### ४.२.१.१ भवन

विद्यालयमा आधारित बालविकास केन्द्रहरुको स्थलगत अध्ययनवाट हेर्दा आफ्नो छुट्टै भवन देखिएन । नमुना छनोटमा परेका बालविकास केन्द्र विद्यालयले नै उपलब्ध गराएको भवनमा सञ्चालन छन् । श्री प.वि.उ.मा.वि.राजविराज तथा श्री नि.मा.वि.थानगाछी , राजविराजमा बालविकास केन्द्र कक्षा १ को कक्षा कोठामा सगँ सँगै सञ्चालन भएको पाइयो ।

### ४.२.१.२ फर्नीचर

विद्यालयमा आधारित बालविकास केन्द्र अध्ययन गर्न बालविकासको सुविधायूक्त वसाई ब्वस्थापन देखिएन । साना बालबिालिकाहरुको लागी उपयूक्त बेञ्च डेस्कको अभाव देखियो । नमुना छनोटमा परेका श्री रा.प्रा.वि., खैरसालको बालविकास केन्द्रमा कार्पेटको ब्यवस्था गरेको पाइयो । बाँकी ७ वटा बालविकास केन्द्रमा बेञ्च , डेस्कको व्यवस्था रहेको पाइयो ।

### ४.२.१.३ खेलमैदान

बालविकास केन्द्रहरुको सुरक्षित छुट्टै खेलमैदान नरहेको पाइयो । विद्यालयकै खेल मैदान बालविकास केन्द्रहरुले प्रयोग गरिएको देखियो ।

### ४.२.१.४ शौचालय

विद्यालयमा आधारित बालविकास केन्द्रहरुको स्थलगत अध्ययनबाट शैचालय सवै केन्द्रमा भए पनि बाल बालिकाको उमेर अनुसार सुविधायूक्त छुट्टै शौचालय नभएको देखियो ।

यसरी बालविकास केन्द्रहरुको भौतिक पुर्वाधार पुरा हुन नसकेका कारणहरुमा प्रारम्भिक बालविकास सम्वन्धि निर्देशिका २०६१ को कडाईका साथ जि शि.का बाट पालना नगराइनु , विद्यालयमा श्रोत साधनको कमी , बालविकास केन्द्रहरुमा लगानीको अभाव तथा बालविकास केन्द्र प्रति सम्वन्धित अभिभावकहरुको उदासिन देखियो ।

## ४.२.२ शैक्षिक पक्ष

### ४.२.२.१ विद्यार्थी भर्ना

कुनै पनि विद्यालयको बालविकास केन्द्रमा शैक्षिक सत्रको सुरुमा अथवा तोकिएको भर्ना समयमा भर्ना भएका बालबालिका वा विद्यार्थी त्यस कक्षामा कुल विद्यार्थी हुन जान्छ । यसरी भर्ना भएका बालवालिकाको कुल भर्ना दरलाई सरदर भर्ना दर भनिन्छ । बालविकास कार्यक्रममा ३ देखि ५ वर्ष उमेर पुगेका बालवालिकाहरु भर्ना गरिन्छ । नमुना छनोटमा परेका बालविकास केन्द्रमा शैक्षिक सत्र २०६६ , २०६७ र २०६८ का विद्यार्थी भर्ना विवरण तलको तालिकामा देखाइएको छ :-

## तालिका ४.३ विद्यार्थी भर्ना विवरण

| | विद्यालयको नाम | शैक्षिक सत्र | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६६ | | | २०६७ | | | २०६८ | | | |
| | | छात्रा | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | श्री.प.वि.उ.मा.वि.रा.वि | २६ | २८ | ५४ | २२ | २४ | ४६ | २५ | २५ | ५० | १५० |
| २. | के.अ.मा. वि.रा.वि. | २४ | २८ | ५२ | २२ | २३ | ४५ | २१ | १८ | ३१ | १२८ |
| ३ | श्री.नि.मा.वि.थानगाछी | १० | ३१ | ४१ | ११ | २७ | ३८ | ८ | २६ | ३४ | ११३ |
| ४ | श्री.रा.प्रा.वि.खैरसाल | १८ | १० | २८ | १७ | ०९ | २६ | १७ | ०९ | २६ | ८० |
| ५ | श्री.क.न.उ.मा.वि.नक्टी रायपुर | १७ | ३६ | ५३ | १८ | ४० | ५८ | १५ | ४८ | ६३ | १७४ |
| ६. | श्री बुधेश्वर नि.मा.वि.हरिरावा | १९ | २१ | ४० | १८ | २६ | ४४ | २५ | २७ | ५२ | १३६ |
| ७. | श्री जेसिस प्रा.वि.पोवा | १४ | १२ | २६ | १५ | १५ | ३० | १७ | १५ | ३२ | ८८ |
| ८. | श्री आ.स.रा.प्रा .वि.लौवापार | १२ | १४ | २६ | १३ | १५ | २८ | १८ | १५ | ३३ | ८७ |
| | **जम्मा** | १४० | १८० | ३२० | १३६ | १७९ | ३१५ | १४६ | १८३ | ३२१ | ९५६ |

(श्रोत : स्थलगत अध्ययन , २०६९)

माथी उल्लेखित विद्यार्थी भर्ना विवरणबाट विद्यालयमा आधारित बालविकास केन्द्रमा बालवालिकाको भर्ना दरमा नगरपालिका क्षेत्रमा ८% ले भर्ना दरमा बृद्धि भएको छ । नगरपालिका भित्र संस्थागत विद्यालयहरुको आर्थिक लगानी बढि भएकाले तथा शहरमा आर्थिक सम्पन्नता भएको अभिभावकहरुको बसोवास भएकाले सामुदायिक विद्यालयमा भर्ना नगरेर संस्थागत विद्यालयमा भर्ना गर्ने गरेको देखिन्छ । तर ग्रामिण क्षेत्रमा आर्थिक सम्पन्नताको अभाव भएको अभिभावकहरुको बसोवास भएकाले विद्यालय तर्फको बालविकास केन्द्रमा विद्यार्थी भर्ना दरमा बृद्धि भएको देखिन्छ ।

### ४.२.२.२ तह पुरा गर्ने

विद्यालयमा आधारित बालविकास कार्यक्रममा अध्ययन गर्ने बालबालिकाहरले १ वर्ष अध्ययन गरेपछि कक्षा १ मा भर्ना भएका बालबालिकाहरुलाई तह पुरा गरेको वुझिन्छ । तल तालिका ४.४ मा उल्लेखित तह पुरा गर्ने बालवालिकाहरुको विवरणवाट शैक्षिक सत्र २०६८ मा सवभन्दा बढि बालवालिकाहरु तह पुरा गरेका छन् भने शैक्षिक सत्र २०६६ मा सवभन्दा कम बालवालिकाहरुले तह पुरा गरेका छन् । शैक्षिक सत्र २०६७ मा ३१५ जना बालबालिका भर्ना भएका थिए ।

**तालिका ४.४ तह पुरा गर्ने बालवालिकाको विवरण**

| क्र. सं. | विद्यालयको नाम | शैक्षिक सत्र | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६६ | | | २०६७ | | | २०६८ | | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | श्री.प.उ.मा.वि. राजविराज | २० | २२ | ४२ | २० | २१ | ४१ | १८ | २२ | ४० | १२३ |
| २. | के.अ.मा.वि.रा.वि. | १९ | १८ | ३७ | १७ | १९ | ३६ | १७ | १६ | ३३ | १०६ |
| ३ | श्री.नि.मा.वि. थानगाछी | ०६ | २८ | ३४ | १० | २२ | ३२ | ६ | २० | २६ | ८९ |
| ४ | श्री रा.प्रा.वि .खैरसाल | १२ | १० | २२ | १४ | ०६ | २० | १५ | ०६ | २१ | ६३ |
| ५ | श्री.क.न.उ.मा.वि .नक्टीरायपुर | १५ | १८ | ३३ | १४ | २४ | ३८ | २० | २३ | ४३ | ११४ |
| ६. | श्री बुधेश्वर नि.मा.वि.हरिरावा | १५ | १८ | ३३ | १४ | २४ | २३ | २० | २३ | ४३ | ९९ |
| ७. | श्री जेसिस प्रा.वि.पोवा | १० | ११ | २१ | ११ | १४ | २५ | १४ | १२ | २६ | ६९ |
| ८. | श्री आ.स.रा.प्रा.वि. लौवापार | १० | १२ | २२ | ११ | १२ | २३ | १४ | १४ | २८ | ७३ |
| | जम्मा | १०७ | १३७ | २४७ | १११ | १४२ | २४१ | १२४ | १३६ | २५७ | ७४५ |

(श्रोत : स्थलगत अध्ययन , २०६९)

माथी तालिका ४.४ मा प्रस्तुत भए बमोजिम नमुना छनोटमा परेका वालविकास केन्द्रहरुमा शैक्षिक सत्र २०६७ मा ५८ (२२.५६%) जना बालवालिकाले कक्षा १ मा भर्ना भएको पाइएन्

अर्थात तह पुरा गरेको देखिएन । उक्त बालविकास केन्द्रहरुमा ७७.४४% मात्र बालवालिकाहरु तह पुरा गरेको पाइयो ।

### ४.२.२.३ कक्षा छाड्ने

कक्षामा भर्ना भई बिचैमा वा अन्तयमा कक्षा छाडी घर वस्ने वा अन्यत्र जाने विद्यार्थीलाई कक्षा छाड्ने भनिन्छ । तल तालिका ४.५ मा उल्लेखित कक्षा छाड्ने बालवालिकाहरुको विवरणवाट शेक्षिक सत्र २०६६ मा सवभन्दा बढि बालवालिकाहरुको कक्षा छाडेका छन् भने शैक्षिक सत्र २०६७ मा सवभन्दा कम बालवालिकाहरु कक्षा छाडेका छन् । कक्षा छाड्ने बालवालिकाहरु राष्ट्रियका लागी निकम्मा जनशक्तिका रुपमा परिणत हुने पक्का छ । बालविकास कार्यक्रममा गरिएको लगानीवाट पनि कक्षा छाड्ने दरमा प्रभाव परेको देखिन्छ ।

**तालिका ४.५ कक्षा छाड्ने बालवालिकाको विवरण**

| क्र. सं. | विद्यालयको नाम | शैक्षिक सत्र | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६६ | | | २०६७ | | | २०६८ | | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | श्री.प.वि.उ.मा.वि.रा.वि | ०६ | ०६ | १२ | ०४ | ०५ | ०९ | ०६ | ०५ | ११ | ३२ |
| २. | के.अ.मा.वि.रा.वि. | ०५ | ०६ | ११ | ०५ | ०६ | ११ | ०६ | | १० | ३२ |
| ३ | श्री.नि.मा.वि.थानगाछी | ०४ | ०३ | ०७ | ०३ | ०८ | ११ | ६ | | ०७ | २५ |
| ४ | श्री रा.प्रा.वि.खैरसाल | ०६ | - | ०६ | ०३ | ०२ | ०५ | ०४ | ०३ | ०७ | १८ |
| ५ | श्री क.न.उ.मा.वि. नक्टीरायपुर | ०५ | ०४ | ०९ | ०५ | ०६ | ११ | ०४ | ६ | १० | ३० |
| ६. | श्री बुधेश्वर नि.मा.वि. हरिरावा | ०४ | ०३ | ०७ | ०२ | ०३ | ०५ | ०४ | ०२ | ०६ | १८ |
| ७. | श्री जेसिस प्रा.वि.पौवा | ०४ | ०१ | ०५ | ०३ | ०४ | ०७ | ०३ | ०२ | ०५ | १७ |
| ८. | श्री आ.स.रा.प्रा.वि.लौ.पार | ०२ | ०२ | ०४ | ०३ | ०२ | ०५ | ०२ | ०२ | ०४ | १३ |
| | जम्मा | ३६ | ३५ | ६१ | २८ | ३६ | ६३ | ३५ | ३४ | ६० | १८५ |

(श्रोत : स्थलगत अध्ययन - २०६९)

तसर्थ यस्तो अवस्थामा सरकारले गरिएको लगानीले सैद्धान्तिक लक्ष्य समेत हासिल गर्न सक्दैन । त्यसैले , नेपालले विश्व सामु बालविकास तथा अधिकारका वारैमा गरेको प्रतिवद्धता र सम्पुर्ण लगानीको समेत दुरुपयोग हुन नदिन सरोकारवालाहरु बेलैमा सचेत हुनुपर्ने देखिन्छ ।

### ४.२.३ सहयोगी कार्यकर्ता

बालवालिकाहरुका विकासका गतिहरुको मापन गर्न नयाँ नयाँ व्यवहार र क्रियाकलापहरु निमार्ण गर्न तथा बालविकास मानव विकासका सिद्धान्त अनुरुप सञ्चालन गर्न शिक्षकको अहम् भुमिका हुन्छ । बालविकास केन्द्रको शैक्षिक गुणस्तर बृद्धि गर्न सहजकर्ताको दक्षता , लगनशिलता , विविध कृयाकलाप सञ्चालन गर्ने सिप , नैतिकता , इमानदारिता , ब्यवहारिक्तामा निर्भर रहन्छ । नमुना छनोटमा परेका बालविकास केन्द्रहरुको सहयोगी कार्यकर्ताको विवरण अनुसुचि ७ मा देखाएको छ ।

विद्यालयमा आधारित बालविकास केन्द्रहरुका सहयोगी कार्यकर्ताहरुको योग्यता एकरुपता देखिएको छैन । सहयोगी कार्यकर्ताहरुको नियूक्ति कुनै बालविकास केन्द्र विद्यालय ब्यवस्थापन समितिको निणर्य प्रकृयाबाट भएको छ भने कुनै वाल विकास केन्द्रमा विज्ञापन गरि लिखित र मौखिक परिक्षा अपनाई नियूक्ति गरिएको छ । नमुना छनोटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको पुर्ण तालिमको अभाव देखिएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक जिल्ला शिक्षा कार्यालयले विद्यालय खातामा पठाउँछ र विद्यालयले मासिक रुपमा रु २,४०० ।- भुक्तानी दिने गरिन्छ । पारिश्रमिक धेरै न्यून भएकोले बालविकास केन्द्रहरुमा सहयोगी कार्यकर्ताहरुको सेवाको निरन्तरता देखिएन । बालविकास केन्द्रमा अध्ययन गर्ने बालवालिकाहरुको शिक्षण सिकाई प्रभावकारी नहुनु , बिचैमा कक्षा छाड्ने दर उच्च हुनु , भर्ना दरमा कमी आउनु प्रमुख कारण हो सहयोगी कार्यकर्ताको पारिश्रमिक कम हुने , तालिम प्राप्त नहुनु , योग्यतामा एकरुपताको अभाव रहेको देखिन्छ ।

लगानी आपुर्ती सिद्धान्त अनुसार शिक्षाको सम्पुर्ण खर्च सरकारले व्यहोर्नु पर्छ , जुन हाम्रो जस्तो विकासोन्मुख देशकोलागी समस्याको रुपमा रहेको देखन्छ र सिद्धान्तसगँ मेल खाएको देखिदैन । त्यसैले यहाँ विद्यालय शिक्षामा लगानीको माग पक्ष सिद्धान्तमा अधारित भई लगानी गर्नुपर्छ । यस सिद्धान्त अनुसार शिक्षा लिनेले शैक्षिक खर्च तिर्नु पर्छ । विद्यालयमा आधारित बालविकास केन्द्रको लगानीको आपुर्ती सिद्धान्तमा आधारित भनिए तापनि शिक्षाको माग अनुसार सरकारले लगानी बुद्धि नगरेको हुनाले बालविकास केन्द्रहरुको भवन , फर्नीचर , शौचालय र खेलमैदान विद्यालयले नै उपलब्ध गराएको यस अध्ययनमा पाइयो ।

विद्यालयमा आधारित बालकिास केन्द्रमा गरिने लगानी बृद्धि गर्ने उपायहरुमा बालविकास केन्द्रकालागी छुट्टै बजेट विनियोजन गर्नु पर्छ । बालविकास केन्द्र प्रति सरोकारवालाहरुको जिम्मेवारी बढाउनु पदर्छ । बाविकास केन्द्रमा स्थानीय निकायको सहभागीता बृद्धि गर्नुपदर्छ । बालविकास केन्द्रमा गैर सरकारी सघं सँस्थाको सहयोग लिनु पर्छ ।

**४.३ बालविकास केन्द्रमा देखएका समस्याहरु :-**

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएका समस्याहरु वारे प्रधानाध्यापक , अभिाभवक , सहयोगी कार्यकर्ता , विद्यालय ब्यवस्थापन समिति , विद्यालय निरीक्षक , श्रोत ब्यक्ति र जिल्ला शिक्षा अधिकारीको प्रतिकृया विश्लेषण गर्दा समग्रमा निम्न लिखित समस्याहरु देखिन्छ :-

**४.३.१ ब्यवस्थापन समिति**

प्रारम्भिक बालविकास सञ्चालन सम्वन्धि निर्देशिका (२०६१) ले गरेको ब्यवस्था अनुसार ब्यवस्थापन समितिका पदाधिकारीहरुको छनोट गर्न पाउने ब्यवस्था भए पनि विद्यालयमा आधारित बालविकास केन्द्रमा स्थलगत अध्ययन गर्दा कुनै पनि बालविकास केन्द्रमा छुट्टै ब्यवस्थापन समिति गठन भएको देखिएन । विद्यालयमा गठन भएका ब्यवस्थापन समितिले बालविकास केन्द्रहरुको ब्यवस्थापन गरेको पाइयो । आर्थिक लगानीको अभावले गर्दा अभिभावकहरु सकृय नहुनु । अभिभावकहरुवाट खासै आर्थिक सहयोग नहुनुले पनि बालविकास केन्द्र प्रति चासो नदेखिएको हो । तसर्थ , बालविकास केन्द्रहरुको ब्यवस्थापन पक्ष ज्यादै कमजोर देखिएको पाइएको छ ।

**४.३.२ भवन / कक्षा कोठा**

शिक्षा नियमावली २०५९ को नियम ६८ अनुसार बालविकास केन्द्र सञ्चालनका लागी ५ वटा पुर्वाधार मध्ये पहिलो पुर्वाधार हो फराकिलो , खुल्ला , शान्त , सुरक्षित भवन भएको हुनु पर्छ । स्थलगत अध्ययनको आधारमा नमुना छनोटमा परेका बालविकास केन्द्रहरुको छुट्टै भवन देखिएन । विद्यालयले नै उपलव्ध गराएको भवनमा कक्षा सञ्चालन गरेको पाइयो ।

बालविकास केन्द्रहरुमा भौतिक ब्यवस्थापन गर्नुका लागी सरकारले आर्थिक लगानी गरिएको छैन । तसर्थ , भौतिक ब्यवस्थापन गर्न बालविकास केन्द्रमा प्रयाप्त आर्थिक लगानी गरिनु पर्ने आवश्यक देखिन्छ । त्यसैले लगानी सम्वन्धि स्पष्ट नीति ल्याउन जरुरी देखियो ।

### ४.३.३ खेल मैदान

शिक्षा नियमावली २०५९ को नियम ६८ अनुसार बालविकास केन्द्रको भवन बाहेक कम्तिमा आधा रोपनी जग्गा भएको खेल मैदान र बाल उद्यानको ब्यवस्था हुदाँ हुँदै पनि नमुना छनोटमा परेका बालविकास केन्द्रहरुमा छुट्टै खेल मैदान पाइएको देखिएन । विद्यालयकै खेलमैदान प्रयोग गरेको पाइयो । तर् बालवालिकाहरुका लागी सुरक्षित खेल मेदान देखिएन ।

### ४.३.४ शैक्षिक सामग्री / खेल सामग्री

मन्टेसरीको विचार अनुसार बालबालिकालाई गीत , खेलकुद तथा शैक्षिक सामग्रीहरुको कृयाकलापद्वारा सिकाईएमा बालवालिकाहरुमा अन्तरनिहीत गुणको स्वतःस्फूरण हुन्छ । नमुना छनोटमा परेका बालविकास केन्द्रहरुमा सिकाई तथा खेल सामग्रीहरु प्रयाप्त मात्रामा उपलव्ध भएको पाइएन । यसको मुल कारण हो , सरकारले बालविकास केन्द्रको लागी वार्षिक मसलन्दको रुपमा रु १,०००।- लगानी गरिएको छ जुन पर्याप्त छैन । अर्को मुल कारण हो सम्वन्धित सहजकर्ताहरुले तालिम पश्चात शैक्षिक सामग्रीहरुको निमार्णमा ध्यान नदिनु र सामग्रीहरुको निमार्णमा समुदायका सीपयूक्त ब्यक्तिहरु पहिचान गरि तिनको उपयोग नगरिनु।

### ४.३.५ सहयोगी कार्यकर्ताको तालिम

विद्यालयमा आधारित बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुको प्रायः तालिमको अभाव देखिन्छ । सरकारी अनुदानको कमीले गर्दा सहयोगी कार्यकर्ताहरु न्यून पारिश्रमिकमा काम गरिरहेका छन् । सहयोगी कार्यकर्ताहरुमा पुर्नताजगी तालिमको ब्यवस्था हुन नसक्नु , सहयोगी कार्यकर्ता केन्द्रमा नियमित नआउनु , सहयोगी कार्यकर्ताको तालिमको अभाव आदि प्रमुख समस्याहरु हुन् ।

### ४.३.६ अभिभावकहरुको नियमित अनुगमन

शिक्षा र चेतनाको अभावको कारणले अभिभावकले के भन्छन् कि विद्यालयमा आधारित बालविकास केन्द्र सरकारको हो । यसको रेखदेख र अनुगमन सरकारले मात्र गरे पुग्दछ र

बालविकास केन्द्रमा गरिएका लगानी दुरुपयोग भयो भने सरकारले छानविन गरोस् । हामीलाई के को मतलव ? यसरी बालविकास कार्यक्रममा अभिभावकहरुको नियमित अनुगमनको समस्या देखियो । बालविकास कार्यक्रममा अभिभावकहरुवाट आर्थिक लगानी नभएकोले बाल विकास प्रति अभिभावकको चासो देखिएन । स्थलगत अध्ययनवाट अभिभावकहरुले बालविकास केन्द्रहरुको नियमित अनुगमन भएको पाइएन ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको माग पक्ष सिद्धान्तमा आधारित रहेको देखिन्छ । यस सिद्धान्तका आधारमा समाजका अभिभावक ब्यक्ति , घर परिवार , समुदाय र ब्यवसायिक समाजमा सम्मिलित सरोकारवालाहरुले लाभको विश्लेषण गरी शिक्षाको मा गदर्छन् । त्यसैले शिक्षामा खर्च जुटाउने प्रकृया लागत साझेदारीमा आधारित हुनु पदर्छ ।

यस अवस्थामा लक्षित समुहको पहुँच सुनिश्चित नहुन सक्छ । क्षेत्रिय , वर्गीय र लैगिंक रुपमा सन्तुलन ल्याउन कठिन हुन सक्छ । शिक्षाको बढ्दो विस्तारसगँ सरकारले एकलैले खर्च जुटाउन नसक्ने अवस्था रहन्छ । उपलव्ध स्रोतको अधिक्तम उपयोग नहुन पनि सक्छ । शिक्षा उपभोक्तामुखि नहुन सक्छ । यी समस्याहरु यस अध्ययनमा रहेको पाइयो । त्यसैले यो शोध अध्ययन यस सिद्धान्तसगँ मेल खाएको छ । विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानीमा देखिएका समस्याहरुमा बालविकास केन्द्रमा छुट्टै ब्यवस्स्थापन समिति गठन नभएको , भौतिक ब्यवस्थापन (भवन , कक्षा कोठा , शौचालय , खेल मैदान ) राम्रो नभएको , बालविकास केन्द्रमा शैक्षिक खेलकुद सामग्री पर्याप्त मात्रामा उपलव्ध नभएको , बालविकास केन्द्रमा अध्यापन गर्ने सहयोगी कार्यकर्ताहरु पुर्णरुपेण तालिम प्राप्त नभएको , सहयोगी कार्यकर्ताको न्यून पारिश्रमिक हुनु , बैकल्पिक आर्थिक श्रोतको खोजी नगर्नु , सहयोगी कार्यकर्ताको छोड्ने दर हुने समस्या , अभिभावकहरु तथा जिल्ला शिक्षा कार्यालयको नियमित अनुगमन र निरीक्षणको कमी जस्ता समस्याहरु यस सोध अध्ययनमा पाइयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको आपुर्ती सिद्धान्तमा आधारित रहेको छ । यस सिद्धान्तले समस्याको रुपमा क्षमता र समानताका आधारमा समाजका सवै वर्गहरुले लगानीको उपयोग गर्न नपाउने अवस्था रहन्छ । लक्षित समुहको पहुँच सुनिश्चित

नहुन सक्छ । क्षेत्रिय , वर्गीय , भौगोलिक रुपमा सन्तुलन ल्याउन कठिन हुन सक्छ । शिक्षाको वढ्दो विस्तारसगैं सरकार एकलैले शैक्षिक खर्च जुटाउन नसक्ने अवस्था रहन्छ । उपलव्ध साधन श्रोतको अधिकतम उपयोग नहुन पनि सक्छ । शिक्षा उपभोक्तामुखि नहुन सक्छ । त्यसैले यी सवै समस्याहरु यस शोध अध्ययनमा रहेको पाइयो । अतः यो शोध अध्ययन यस सिद्धान्तसगँ मेल खान्छ । विद्यालयमा आधारित बालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समिति गठन नभएको , भवन , खेल मेदान , शैक्षिक सामग्री , खेल सामग्री , सहयोगी कार्यकर्ताको तालिम , बालविकास केन्द्रमा अभिभावकको लगानी नरहेको तथा अभिभावकहरुको नियमित अनुगमनको अभाव जस्ता समस्याहरु यस शोध अध्ययनमा पाइयो ।

**४.४ बालविकास केन्द्रंको समस्या समाधानका उपायहरु :-**

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानका उपायहरु सम्वन्धमा प्रद्यानाध्यापक , सहयोगी कार्यकर्ता , अभिभावक , विद्यालय व्यवस्थापन समिति , विद्यालय निरीक्षक , श्रोत व्यक्ति र जिल्ला शिक्षा अधिकारीको प्रतिकृया विश्लेषण गर्दा तल उल्लेखित उपायहरु देखिन्छन् ।

**४.४.१ बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन**

शिक्षाको विकास सरकारी पक्षवाट मात्र सम्भव हुदैन , त्यस कारण शिक्षामा सवै क्षेत्रको जनसहभागिता जुटाउन आवश्यक छ । बालवालिकाका विकासका लागी विभिन्न किसिमका स्रोतहरुको आवश्यक्ता पदर्छ । यस्ता स्रोतहरु प्राकृतिक , भौतिक र मानवीय श्रोतहरुलाई मुख्य रुपमा लिन सकिन्छ । यस्ता श्रोतहरुको अभावमा बालवालिकाको विकास अवरुद्ध हुन सक्छ । अतः बालवालिकाको विकासकालागी आर्थिक श्रोत संकलन , भौतिक संरचनाको निमार्ण तथा मुल्यांकन र अनुगमन गर्न बालविकास केन्द्र व्यवस्थापन समितीको आवश्यक्ता पदर्छ । विद्यालयमा आधारित बालविकास केन्द्रको छुट्टै व्यवस्थापन समितिको आवश्यक्ता पदर्छ । विद्यालयमा आधारित बालविकास केन्द्रको छुट्टै व्यवस्थापन समिति नरहेको पाइयो । जसले गर्दा बालविकास केन्द्रको सञ्चालन र व्यवस्थापनका अप्ठ्यारो भएको पाइयो । अतः सामुदायीक विद्यालयद्वारा सञ्चालित सम्पुर्ण बालविकास केन्द्रहरुलाई दिगो रुपले सञ्चालन एवम् व्यवस्थापन गर्न प्रारम्भिक बालविकास कार्यकम्र निर्देशिका २०६१ कडाइका साथ जि.शि.का.बाट लागु गर्नु पर्ने देखिन्छ ।

### ४.४.२ भौतिक ब्यवस्थापनमा जोड

बालविकास केन्द्रहरुको भोतिक ब्यवस्थापन पक्षमा जग्गा , भवन , फर्निचर , खेल मैदान , शौचालय र खानेपानी पदर्छ । बालविकास केन्द्रहरुको भौतिक पुर्वाधार खाडा गर्नकालागी आवश्यक जग्गा जमीन गा.वि.स./ न.पा., स्थानीय दाता वा विद्यालयबाट प्राप्त गर्न सकिन्छ । यी तीन श्रोतबाट जग्गा प्राप्त गर्न नसकेको अवस्थामा न्यूनतम मुल्य राखी जग्गा खरिद गर्न सकिन्छ । भवन निमार्णका सन्दर्भमा गा.वि.स./ न.पा.र जि.वि.स.र अन्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोगमा स्थानीय जनसमुदायलेबालविकास केन्द्रको भवन निमार्ण गर्नु पदर्छ । यसरी नै फर्नीचर , खेल मैदान , शौचालय र खानेपानीको ब्यवस्था पनि यी निकायहरुकै सहयोगमा स्थानीय जनसमुदायले नै गर्नु आवश्यक रहन्छ ।

### ४.४.३ आम्दानीका बैकल्पिक श्रोतको खोजी

बालविकास केन्द्रहरुलाई आर्थिक रुपमा दिगो बनाउनका लागी विभिन्न सम्भाव श्रोतहरुको पहिचान गरी आर्थिक श्रोत जुटाउनु पदर्छ । ती श्रोतहरु समुदायका मानिसहरु प्रायः नगद वा जिन्सिबाट विभिन्न शुल्कका रुपमा अभिभावकहरुका तर्फवाट नियमित आर्थिक सहयोग , गा.वि.स./न.पा.वाट एकमुष्ट अनुदान , स्थानीय कर , समुदायमा आधारित संस्थाहरुवाट चन्दा , विद्यालयवाट आर्थिक सहयोग , विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट आर्थिक सहयोग र नेपाल सरकारवाट नियमित आर्थिक अनुदानको बृद्धि गरेर आम्दानीका बैकल्पिक श्रोतहरुको ब्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

### ४.४.४ बालविकास कार्यक्रम प्रति अभिभावकहरुको शिक्षा र चेतनामा अभिबृद्धि

विद्यालयमा आधारित बालविकास केन्द्रहरुलाई द्रुत गतीमा दिगो रुपमा विस्तार गर्नकालागी अभिभावकहरुको मनोवृतिमा सकारात्मक परिवर्तन ल्याउनु पदर्छ । यसकालागी अभिमुखिकरण कार्यक्रम , अभिभावक शिक्षा , बाल अभिभावक पहुँच कार्यक्रम , घर दैलो कार्यक्रम , सडक नाटक , बाल रयाली , बालविकास कार्यक्रम सहितको अनौपचारिक शिक्षा कार्यक्रम तथा आम सञ्चारका साधनहरुको प्रयोग जस्ता विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेर अभिभावकहरुको शिक्षा र चेतनामा अभिवृद्धि गरिन्छ भने यो अध्ययनको ठहर रहेको छ ।

### ४.४.५ सहयोगी कार्यकर्ताको पेशागत दक्षता बढाएर

विद्यालयमा आधारित बालविकास केन्द्रमा अधिकांश सहयोगी कार्यकर्ता तालिम प्राप्त छैनन् । जसले गर्दा उनीहरुको शिकाई गर्ने विधि , शैक्षिक सामग्री संकलन र निमार्ण तथा उपयूक्त वातावरण सृजना गर्नमा कमी कमजोरी रहेको यस शोध अध्ययनमा पाइयो । त्यसैले , सहयोगी कार्यकर्तालाई समय-समयमा पेशागत दक्षता बृधि गर्न तालिम दिनुपर्छ । उनीहरुको क्षमता बृद्धि गर्न एउटा प्रभावकारी , सुसंगठित र उपयूक्त तालिम प्रणालीको विकास गर्नु अनिवार्य देखिन्छ । यस अर्न्तगत केन्द्रिय तहमा विशेषज्ञहरुको समुह निमार्ण गर्न सकिन्छ । जिल्ला तहमा गुरु प्रशिक्षक समूहको व्यवस्था गर्नु पदर्छ । साथै , सहयोगी कार्यकर्ताहरुको पेशालाई मर्यादित एवम् पेशा प्रति बार्कषण बृद्धि गर्न अर्न्तराष्ट्रिय श्रमिक संगठनको सिधान्त अनुसार पारिश्रमिकको ब्यवस्था , उनिहरुको मुल्यांकनको आधारमा उपयूक्त पुरस्कारको ब्यवस्था एवम् सेवा सुविधाको सुनिश्चितततामा जोड दिनु पर्ने देखिन्छ ।

### ४.४.६ बालविकास केन्द्रमा योजना निमार्ण र कार्यान्वन

विद्यालयमा आधारित बलविकास केन्द्रहरुको वार्षिक कार्य योजना र कार्यान्वयनमा कमी देखियो , जसले गर्दा गरिएको लगानी उचित तरिकाले प्रयोग भईरहेको अवस्थामा भेटिएन । विना योजना शैक्षिक गतिविधी सञ्चालन गर्दा श्रम र अर्थ दुवै खेर जान्छ । अतः बालविकास केन्द्रहरु सञ्चालन भएको विद्यालयले नै बालविकास केन्द्र सम्वन्धि शैक्षिक तथा आर्थिक योजना निमार्ण गरी त्यसको समयमा नै कार्यान्वयन गर्नु पर्ने देखिन्छ । साथै , योजना तजुर्मा गर्दा स्थानीय लक्षित समुहलाई समेत संलग्न गराउनु पदर्छ ।

### ४.४.७ अनुगमन तथा निरीक्षण

कुनै पनि कामको स्थिती , परिवेश , अवस्था र त्यसको प्रभावकारिताको लेखा जोखा गर्नु , जार्चवुभ्ह गर्नु निरीक्षण हो । शैक्षिक क्षेत्रको सन्दर्भमा निरीक्षण भन्नाले सम्पुर्ण शैक्षिणिक , प्रशासनिक क्षेत्रको लेखाजोखा र मुल्यांकन्सगँ समेत सम्वन्ध राख्दछ । नमुना छनोटमा परेका बालविकास केन्द्रका स्थलगत अध्ययन गर्दा बालविकास केन्द्रहरुको अभिभावकहरु एवम् सरोकारवालाहरुबाट नियमित अनुगमन तथा निरीक्षण , पृष्टपोषण जस्ता पक्षहरुको समुचित र संतुलित विकासका लागी श्रोत ब्यक्तिहरुलाई वा विद्यालय निरीक्षकहरुलाई सामान्य अवधारणाले होइन बरु विशेषज्ञहरुको अवधारणा अनुसार परिचालन गर्नु पर्ने देखिन्छ । साथै

विकेन्द्रिकरणको नीति अनुसार विद्यालय व्यवस्थापन समिति , अभिभावक , शिक्षक अभिभावक सघं समेतलाई महिनामा एक पटक अनुगमन र निरीक्षण गर्नु पर्ने देखिन्छ ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको आपुर्ती सिद्धान्तमा आधारित रहेको छ । यस सिद्धान्त अनुसार बालविकास केन्द्रमा गरिएका लगानीका समस्याहरु समाधानकोलागी समता र समानताका आधारमा समाजका सवै सदस्यहरुले लगानीको उपभोग गर्नु पाउने व्यवस्था गर्नुपर्छ । लक्षित समूहको पहूचँ सुनिश्चित गर्नुपर्छ । क्षेत्रिय , वर्गीय , भौगोलिक रुपमा सन्तुलन कायम गर्नुपर्छ । शिक्षाको बढ्दो विस्तारसगँ सरकारले शैक्षिक खर्च बढाउनु पर्छ । उपलब्ध साधन श्रोतको अधिकतम उपयोग गर्न पहल गर्नुपर्छ । शिक्षालाई उपभोक्तामुखि बनाउनु पर्छ । यी समाधानका उपायहरु पनि अपनाउनु पर्ने यस अध्ययनमा पाइयो । त्यसैले यो शोध अध्ययन यस सिद्धान्तसगँ मेल खाएको देखिन्छ । विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानका उपायहरुमा बालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समितिको गठन अनिवार्य गर्नुपर्ने , भौतिक व्यवस्थापन पक्षमा जोड दिनुपर्ने आम्दानीका बैबल्पिक श्रोतको खोजी गर्नुपर्ने , बालविकास कार्यक्रम प्रति अभिभावकहरुको शिक्षा र चेतनामा अभिबृद्धि गरिनुपर्ने , सहयोगी कार्यकर्ताको पेशागत दक्षता , समयको माग अनुसार पारिश्रमिकमा वृद्धि गर्नुको साथै सेवा सुविधाको सुनिश्चितता गर्नुपर्ने , बालविकास केन्द्रको योजना निमार्ण र कार्यान्वयन तथा प्रभावकारी रुपमा बालविकास केन्द्रको नियमित अनुगमन र निरीक्षण गर्नु रहेको यस शोध अध्ययनमा पाइयो ।

# परिच्छेद पाँच
# विष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

आजको युगमा सफल जीवन मापन गर्ने माध्यमहरु  भनेकै गुणस्तीय शिक्षा आजर्न र उपयूक्त सीपको सिकाइ नै हो । यो आजको अपरिहार्य हो । प्रत्येक बालवालिकाले माया , स्नेह , शान्ति , समझदारी र सुरुक्षा एवम् उचित शिक्षा पाउनु उसको नैसर्गिक अधिकार पनि हो । यस कार्यक्रमको मर्म अनुसार शिक्षा विभागले प्रारम्भिक बालविकास शिक्षालाई ब्यवस्थित गरी विकास गर्नकालागी प्रारम्भिक बालविकास दिग्दर्शन ( पाठ्यक्रम ) २०६२ तयार गरी प्रयोगमा ल्याउने ब्यवस्था गरेको छ ।

यहि उद्देश्यलाई पुरा गराउन नेपालमा नेपाल सरकार , शिक्षा तथा खेलकुद मन्त्रालय , शिक्षा विभागद्वारा सन् १९९९ देखि बालविकास कार्यक्रमलाई जिल्ला शिक्षा कायलार्य मार्फत कार्यान्वियनमा ल्याइएको छ । सोही अनुसार जिल्ला शिक्षा कार्यालय सप्तरीलाई पनि त्सपछिको आर्थिक वर्षहरुमा कोटा संख्याको आधारमा बालविकास केन्द्रका कार्यक्रमहरु सञ्चालन गर्ने जिम्मेवारी दिइयो । हालसम्म नगरपालिका तथा विभिन्न गा.वि.स.मा जम्मा ६७१ बालविकास केन्द्रहरु सञ्चालन हुँदै आएका छन् ।

यस शोध अध्ययनको क्रममा सप्तरी जिल्लाका उक्त ६७१ वटा बालविकास केन्द्रहरु मध्ये राजविराज नगरपालिका भित्र विद्यलायमा सञ्चालित जम्मा १९ वटा केन्द्रहरुलाई नमुनाको रुपमा लिई बालविकास केन्द्रहरुमा गरिएको लगानी , बालविकास केन्द्रमा गरिएको लगानीले ब्वस्थापनमा पारेको प्रभाव , बालविकास केन्द्रमा गरिएको लगानीमा देखा परेका समस्याहरु तथा ती समस्याहरुलाई समाधान गर्ने उपायहरुको बारैमा जानकारी लिने कार्य गरियो । यसरी शोध अध्ययनको क्रममा सम्वन्धित बालविकास केन्द्रहरुमा नै पुगी सरोकारवालाहरुसगँ छलफल , प्रश्नावली र अन्तवार्ता लिने जस्ता कार्यहरु गरिएको थियो ।

बालवालकिाहरुको सर्वाङ्गीण विकासको लागी बालविकास कार्यक्रमलाई उचित रुपमा आर्थिक लगानीको ब्यवस्थापन गरी बालविकासहरुलाई सोही केनद्रमा नै राखी बाल कृयाकलापमा

संलग्न गराउनु पर्ने , सहयोगी कार्यकर्ताको मनोवल बढाउनुका साथै सेवा सुविधाको सुनिश्चितता गर्नुपर्ने र यसकालागी अभिभावक लगायत सरोकारवालाहरुकै अत्यन्तै महत्वपुर्ण एवम् जिम्मेवारी भुमिका निवार्ह गर्नु पर्ने ठहर यस शोध अध्ययनले गरेको छ ।

अतः प्रत्येक बालविकास केन्द्रहरुको द्रीघकालीन सञ्चालनको लागी स्थानीय निकाय तथा अभिभावकहरु नै सचेत भई नियमित अनुगमन र निरीक्षण गर्नुपर्ने , आवश्यक जग्गा छुट्टै खेल मैदान , छुट्टै भवन लगायतका भौतिक एवम् शेक्षिक तथा खेल सामग्रीहरको ब्यवस्था मिलाउनका लागी आर्थिक लगानीमा वृद्धि गर्दै अक्षय कोषको रुपमा विकास गर्नुपर्ने तथा नियमित आम्दानीका श्रोतका उपायहरुको खोजी गरी बलविकास कार्यक्रमहरलाई प्रभावकारी एवम् दिर्घकालीन रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरु

शोध अध्ययनको निष्कर्षको आधारमा बालविकास कार्यक्रमको सञ्चालनमा देखिएका लगानीका समस्याहरुलाई समयमै प्रथमिकताका साथ समाधान गर्ने तर्फ प्रयास नगर्ने हो भने बालविकास कार्यक्रममा अध्ययन गर्न प्रति विद्यार्थीको लागत अध्ययन रहेकोले शीर्षकसगँ सम्वन्धित क्षेत्रका गहन अध्ययन गर्दा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्न केही सुझावहरु निम्नानुसार प्रस्तुत गरिएका छन् :-

### ५.२.१ नीतिगत तह

विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानी बृद्धि गर्न र बालविकास कार्यक्रममा लगानीमा देखिएका समस्या समाधान गर्न विद्यालय क्षेत्र सुधार कार्यक्रमको मुल दस्तावेजले विद्यालय र समुदायमा आधारित पद्धतिबाट प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको विस्तार गर्नु पर्ने र बालविकास केन्द्रको स्थापनाका लागी केही न्यूनतम आधारहरु तयार गर्नु पदर्छ । शिक्षा विभागले तयार गरेको प्रारभ्कि बाल शिक्षा तथा विकास केन्द्र सञ्चालन सम्वन्धि निर्देशिका तथा विद्यालय क्षेत्र सुधार योजनामा भएको नीति र रणनीति बीच सामञ्जस्ता हुनु पदर्छ । यसले देशभर बालविकास केन्द्रको स्थापना र सञ्चालनको लागी निम्नलिखित न्यूनतम मापदण्ड र आधारहरु प्रदान गर्नु पदर्छ । ३० देखि ५० घर धुरी अर्थात २० जना भन्दा बढि ४ वर्ष उमेर समूहका बालवालिका भएको समुदायमा एउटा

बालविकास केन्द्र स्थापना गर्नुपर्ने , कुनै वस्तिवाट १० मिनेटको पैदल दुरीमा कुनै विद्यालय छ भने त्यस्ता विद्यलायमा बालविकास केन्द्र स्थापना गर्न प्राथमिकता दिनुपर्ने , कक्षा कोठा छुट्टै सुरक्षित , स्वच्छ , सफा र बाल मैत्रीपुर्ण हुनुपर्ने , भर्ना भएका प्रत्येक बालवालिकाहरुलाई पर्याप्त मात्रामा पुग्ने गरी शैक्षिक सामग्री हुनुपर्ने यस्ता सामग्रीहरुको सुची शिक्षा विभागले तयार गर्नुपर्ने , सहयोगी कार्यकर्ताहरुको शैक्षिक योग्यतामा एकरुपता ल्याउनु पर्ने , सहयोगी कार्यकर्ताको छनोट प्रकृयाको कार्यविधि तय गर्नुपर्ने , तालिम प्राप्त सहजकर्ता हुनुपर्ने , सहयोगी कार्यकर्तालाई उचित पारिश्रमिकको व्यवस्था गर्नुपर्ने , बालविकास कार्यक्रम विद्यालयमा नै सञ्चालन गर्ने तर्फ प्राथमिकता दिनुपर्ने आदि ।

प्र.अ.ले लगानीको कार्यान्वयन पक्ष बलियो वनाउनु पर्छ । सहजकर्ताको सेवा , सुविधा , शैक्षिक सामग्री र बालविकास केन्द्रको स्थापना गर्न एक पटकका अनुदान जस्ता न्यूतम सक्षमताको प्रबन्ध सरकारले गर्नुपर्नेछ । बालविकास केन्द्रहरु सञ्चालनका लागी पर्ने अन्य निरन्तर खर्चको व्यवस्थापन समुदाय र गैर सरकारी संस्थाहरुको समेत साझेदारीमा हुनु पदर्छ।

### ५.२.२ अभ्यास तह

केन्दीय स्तरमा शिक्षा नीतिले अवलम्वन गरेका कुराहरुलाई जिल्ला र सथानीय स्तरमा सार्थक कार्यान्वियनका लागी प्रत्येक वस्ति र घरधुरी समेतको अवस्था र सेवा पुरयाउनु पर्ने जनसंख्याको स्पष्ट विवरणलाई ध्यान दिदै विद्यलायमा आधारित बालविकास केन्द्रहरुलाई जिल्ला र स्थानीय निकायवाट प्रभावकारी रुपमा लागू गराउनु पदर्छ । प्रारम्भिक कार्यक्रमको योजना तजुर्मा गर्दा स्थानीय लक्षित समूहलाई संलग्न गराउनु पदर्छ । बालविकास केन्द्रका जग्गा , भवन तथा शौचालयको निमार्ण र खानेपानी व्यवस्था गा.वि.स./ न.पा., स्थानीय दाता , विद्यलाय , जि.वि.स.र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहयोगमा स्थानीय जनसमुदायले गर्नु पदर्छ । जिल्ला विकास समिति र जिल्ला शिक्षा कार्यालयको बालविकास कार्यक्रमको योजना कार्यान्वयन र अनुगमनका लागी बालविकास बोर्ड गठन गर्नुपर्ने , जिल्ला शिक्षा कार्यालयहरुमा छुट्टै बालविकास शाखा स्थापना गर्नुपर्ने , बालविकास कार्यक्रम सञ्चालन निर्देशिका २०६१ को कडाईका साथँ लागू गरी सम्वन्धित अभिभावकहरुबाट व्यवस्थापन समिति गठन गराउनुपर्ने , जिल्ला बालविकास वोर्डद्वारा स्थानीय गैर सरकारी

संस्थाहरुको परिचालन गरी बालविकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने , जिल्ला शिक्षा कार्यालयद्वारा समुदाय र विद्यालयको माग अनुसार आवश्यक पुर्वाधार पुरा गरेको आधारमा बालविकास केन्द्रको कोटा वितरण गर्नुपर्ने , जिल्ला शिक्षा कार्यालयले प्रत्येक श्रोत केन्द्रमा सञ्चालीत बालविकास केन्द्रहरु मध्ये एउटालाई नमुना बालविकास केन्द्रको रुपमा विकास गर्नुपर्ने तथा बाँकी बालविकास केन्द्रको लागी सो केन्द्रलाई सिकाइ बालविकास केन्द्रको रुपमा लिनुपर्ने देखिन्छ । बाल अधिकारलाई ध्यानमा राख्दै बालश्रमको अन्तय गर्नुपर्छ । लैङ्गिक विभेद गर्नु हुदैन । प्रधानाध्यापकले विद्यालयमा रहेको बालविकास केन्द्रमा घरेलु वातावरण कायम गर्नुपर्छ । बालविकास केन्द्रमा आर्थीक श्रोत जुटाउन अभिभावकहरुलाई सहभागिता गराउनु पदर्छ । सहयोगी कार्यकर्ताले बाल मनोविज्ञानलाई ध्यानमा राखी शिक्षण सिकाई गर्नु पदर्छ । सहयोगी कार्यकर्ताको जिल्ला शिक्षा कायार्लयवाट प्राप्त रकम मासिक रु २,४००।- अहिलेको समय सापेक्ष अनुसार अति न्यून भएकोले सो रकम बृद्धि गरी सहयोगी कार्यकर्ताको मनोवल उच्च राख्नुपर्ने तथा बालविकास केन्द्रको व्यवस्थापन गर्नकालागी वार्षिक अनुदानको व्यवस्था गर्नुपर्ने लगायत जिल्ला शिक्षा कार्यालय तथा श्रोत केन्द्रहरुवाट विद्यलाय निरीक्षक / श्रोत व्यक्तिद्वारा नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने टड्कारो आजको आवश्यकता हो ।

### ५.२.३ अनुसन्धान तह

सामुदायिक विद्यालयमा आधारित बालविकास कार्यक्रम गरिएको लगानीको बृद्धि गर्न , बालविकास कार्यक्रम लगानीमा देखिएका समस्या समाधान गर्न , शिक्षाको आर्थिक जिम्मेवारी कसलाई दिने , बालविकास कार्यक्रममा गर्न खोजिएको लागानीको औचित्य , बालविकास कार्यक्रम प्रति सरोकारवालाहरुको जिम्मेवारी बृद्धि गर्न , सहयोगी कार्यकर्ताको पेशागत एवम् क्षमता विकास गर्न तथा विद्यलायको श्रोत साधनको अधिकतम प्रयोग गर्न आदि उल्लेखित अध्ययन अनुसन्धान गर्न सकिने सुझाव रहेका छन् ।

## सन्दर्भ सूचीहरु

उपाध्याय , नारायण (२०५९) , शैक्षिक सार्वजनिक लगानी .शैक्षिक सूचना संगालो , भक्तपुर : शिक्षा विभाग ।

काफ्ले , बासुदेव एवम् अन्य (२०६२) .शिक्षाको वित शास्त्र . काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

काफ्ले , बासुदेव एवम् अन्य (२०६६) . शिक्षाको वित शास्त्र . काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

कोइराला , यादव प्रसाद (२०६७) .शिक्षामा लगानी र प्रतिफल .कर्मचारी कलम , पे.- २४५-२४९.भक्तपुर : शिक्षा विभाग ।

खनाल , पेशल (२०६०) , शैक्षिक अनुसन्धान पद्धति . काठमाण्डौं , स्टुडेन्टस बुक्स पब्लिकेर्सस एण्ड डिष्ट्रिब्यूटर्स ।

खनाल , मुकुन्दमणि (२०६२) , शिक्षामा लगानीको स्वरुप . काठमाण्डौं उद्धव कोइराला प्रशासनका आयामहरु पे.२२६-३३४, काठमाण्डौं : मकालु बुक्स एण्ड स्टेशनरी ।

खनाल , श्रीप्रसाद (२०६३) , शैक्षिक अनुसन्धान पद्धति . काठमाण्डौं : जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

खनाल , पेशल (२०६४) , शैक्षिक अनुसन्धान पद्धति . काठमाण्डौः स्टुडेन्टस बुक्स पब्लिकेसर्स एण्ड डिष्ट्रब्यूटर्स ।

भट्ट नारायण प्रसाद (२०६७) , शिक्षामा लगानी .उद्धव काफ्ले , शैक्षिक विकासका वहु आयामिक चिन्तन , पे.२२७-२४१ .काठमाणडैं : रत्नपुस्तक भण्डार ।

राष्ट्रिय योजना आयोग (२०५९) .दशौं पञ्चवर्षीय योजना . मस्यौंदा .काठमाणडैां :लेखक ।

राष्ट्रिय योजना आयोग (२०६५) .एघारौं पञ्चवर्षीय योजना , मयौंदा . काठमाणडैां लेखक ।

राष्ट्रिय योजना आयोग (२०६९) बा-हौं पञ्चवर्षीय योजना , मस्योदा . काठमाण्डौं लेखक ।

लम्साल , हरिप्रसाद (२०६६) .शिक्षामा राज्यको लगानी अभिभावकको आर्थीक अवस्था

बालबालीकाको शिक्षा , आपसी सम्वन्ध र समाधानका उपायहरु , शैक्षिक सूचना संगालो , पे.११९-१३२ .भक्तपुर : शिक्षा विभाग ।

शर्मा , निलम कुमार र सिंह , नागेश्वर (२०६७) .विकास र शिक्षाको अर्थशास्त्र . काठमाण्डौं : पैरवी प्रकाशन ।

शर्मा , चिरञ्जीवी र शर्मा निर्मला (२०६८) . प्रारम्भिक बाल्यावस्था विकासको आधार . काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

सिन्हा , रामस्वरुप (२०६२) .शैक्षिक मुल प्रवाहीकरण : मुद्दा र चुनौती , शिक्षा प्रशासनको आयामहरु , पे.२६६-२७९ . काठमाण्डौं : अफसेट प्रेस ।

सुवेदी , दिपेन्द्र (२०६२) . ललितपुर जिल्लाको समुदायमा बालविकास कार्यक्रमहरुको व्यवस्थापन सम्वन्धि शोधपत्र . काठमाण्डौं : त्रिभुवन विश्वविद्यालय ।

सुवेदी ु रामकृष्ण (२०६७) . विद्यालयको प्रभावकारिता , शैक्षिक विकासका बहुआयामिक चिन्तन , पे.१९७-२१७.काठमाण्डौ.: रत्नपुस्तक भण्डार ।

कुवर , तिलक (२०६२) . अछाम जिल्लाको प्राथमिक विद्यालयहरुको वितीयले शिक्षण सिकाई उपलब्धिमा परेको प्रभाव , एक अध्ययन , काठमाणडैं : महेन्द्र रत्न क्याम्पस , ताहाचल ।

कुशवाहा , कृष्ण कुमार (२०६८) .प्राथमिक विद्यालयमा गरिएको लगानी (प्रकाशित शोधपत्र) . वीरगञ्ज : ठाकुरराम बहुमुखि क्याम्पस ।

जिल्ला शिक्षा कायालर्य (२०६२) .शैक्षिक प्रवाह .सप्तरी : लेखक ।

जिल्ला शिक्षा कायालर्य (२०६८) . बाल शिक्षा र विकास .सप्तरी : लेखक ।

शिक्षा ऐन (२०२८) , .शिक्षा नियमावली (२०५९) .छेठौं संशोधन (२०६७) .काठमाण्डौं : मकालु पब्लिकेशन ।

सेरिड (२०६०) .फर्मेटिभ अनुसन्धान परियोजना . काठमाण्डौं : लेखक ।

सेरिड (२०६१) फर्मेटिभ अनुसन्धान परियोजना .काठमाण्डौं : लेखक ।

शिक्षा विभाग (२०५९) .प्रारम्भिक बालविकासमा अभिभावक जागरण पुस्तिका . भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६१) . प्रारम्भिक बालविकास सम्वन्धि निर्देशिका . भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६२) . प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्वन्धि निर्देशिका (२०६१) .भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६६) .विद्यालय क्षेत्र सुधार योजना .भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६८) . नेपालको शैक्षिक तथ्यांक (२०६८) .भक्तपुर : लेखक ।

# सामुदायीक विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानी

## अनुसूचीहरु

### अनुसूची - १

प्रधानाध्यापकको लागी प्रश्नावली

१.परिचय :

(क) नाम :-------------------------------(ख) पद :-------------- (ग) योग्यता : -----

(घ) अनुभव वर्ष : --------------- (ङ) विद्यालय : -----------------------------

२.बालविकास केन्द्रमा बालबालिकाहरुको भर्ना अवस्था कस्तो छ ?

| कं.स. | विवरण | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | बालवालिका | | | |
| २ | दलित | | | |
| ३ | जनजाती | | | |

३.बालविकास केन्द्रको आम्दानीहरुका श्रोतहरु के के हुन् ?-----------------------------------

४.बालविकास केन्द्रको खर्चको जिम्मेवारी कस्ले लिनु पर्छ ?----------------------------------

५.बालविकास केन्द्रमा खर्चको श्रोत जुटाउन के कस्तो कार्य गर्नु भएको छ ? -----------------

६. बालविकास केन्द्रको सञ्चालन खर्च कसरी चलाउनु भएको छ ?---------------------------

७.तपाईको बालविकास केन्द्रमा योजनाहरु निमार्ण हुन्छ --------कि हुदैन ----- ?

८.तपाईको बालविकास केन्द्रमा आर्थीक योजना निमार्ण हुन्छ -----कि हुदैन------? हुन्छ भने त्यसको सामाजिक परक्षिण हुन्छ ----कि हुदैन------?

९.बालविकास केन्दमा व्यवस्थापन समितिको गठन गर्नु भएको छ ----कि छैन -----? छ भने कसरी गठन गर्नु भएको छ ?-----------------------------------------------

१०. बालविकास केन्द्रले सरकारवाट पाउने अनुदान रकम हालसम्म कति पटक प्राप्त गर्नु भएको छ?

(क) एक पटक (ख) दुई पटक (ग) तनि पटक (घं) लगातार

११.सरकारबाट प्राप्त हुने अनुदान यस बालविकास केन्द्रको सञ्चालनमा कसरी सदुपयोग गर्नु भएको छ ?-------------------------------------------------------------

१२.सहयोगी कार्यकर्ताको नियूक्ति कसरी गर्नु भएको छ ? ----------------------------------

१३.बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई थप पारिश्रमिकको व्यवस्था गर्न भविष्यमा के कस्तो कदम चाल्नु पर्ला ?----------------------------------------------------

-----------------------------------------------------

१४.शैक्षिक सामग्री संकलन र निमार्णमा समुदायको सहयोग पाउनु हुन्छ ------- हुदैन--------?

१५.बालविकास केन्द्रमा अन्य श्रोतहरु जुटाउन के के गर्नु भएको छ ?-------------------------

१६.बालविकास केन्द्रको लगानीमा देखा परेका समस्याहरु के - के हुन ?-----------------------

---------------------------------------------------------------------------

१७.बालविकास केन्द्रको लगानीमा देखा परेका समस्याका समाधानका उपायहरु के-के हुन सक्छ ?-

---------------------------------------------------------------------------

---------------------------------------------------------------------------

--------------------------------------------------

**अनुसूची - २**

## सहयोगी कार्यकर्ताको लागी प्रश्नावली

१.परिचय :

(क) नाम : ------------------------------------------------------------

(ख) पद :---------------------------------------------------------------

(ग) ठेगाना :-----------------------------------------------------------

(घ) शैक्षिक योग्यता :-----------------------------------------------------

(ङ) अनुभन :--------------------- वर्ष ------------------------------------

(च) विद्यालय :----------------------------------------------------------

२. बालविकास केन्द्र संचालनमा व्यवस्थापन समितिको सहयोग कस्तो छ ? -------------------
------------------------------------------------------------

३. बालविकास केन्द्रले सरकारबाट पाउने अनुदान रकम कति छ ? हाल सम्म प्राप्त गर्नु भएको छ ? ----------------------------------------------------------------------
----------------------------------------------------

४. सरकारबाट प्रापत अनुदान रकमलाई बालविकास केन्द्र संचालनमा कसरी परिचालन गरिएको छ ?-------------------------------------------------------------------------

५. तपाईले यस बालविकास केन्द्रवाट के कती पारिश्रमिक र सुविधा प्राप्त गर्नु भएको छ ? ------
------------------------------------------------------------

६. तपाईले अध्यापन गर्नु भएको बालविकास केन्द्र संचालनमा अन्य .N .G . O , I . N .G .O को पनि आर्थीक लगानी छ ? छ भने कसतो किसिमको लगानी छ ? ------------------
-------------------------------------------------

७. शैक्षिक सामग्रीहरुको निमार्ण गर्नु भएको छ वा छैन ? छैन भने त्यसको कारण के होला ? ----
-----------------------------------------------------------------------

८. सीप सिकाईका कममा कुन कुन शैक्षिक सामग्रीहरु प्रयोग भएको छ ? ---------------------
---------------------------------------------------------------------

९. यस बालविकास केन्द्रको आर्थीक लगानीको सुधार सम्वन्धमा तपाईको सुझावहरु के के हुन सक्छन् ? -------------------------------------------------------------
----------------------------------------------------------------------

## अनुसूची - ३

### अभिभावकहरुका लागी प्रश्नावली

१.परिचय :

(क) नाम : ------------------------------------------------------------

(ख) ठेगाना :------------------------------------------------------------

(ग) शैक्षिक योग्यता : ------------------------------------------------------

(घ) कार्यक्षेत्र :-----------------------------------------------------------

(ङ) विद्यालय :-----------------------------------------------------------

२. बालविकास केन्द्रको संचालनमा तपाईले के के सहयोग पुरयाउनु भयो ? -------------------

-----------------------------------------------------------------------

-----------------------------------------------------

३. बालविकास केन्द्रमा स्थापना भए पछि वर्षमा कति पटक बालविकास केन्द्रका अनुगमनमा जानु भएको छ ?

(क) एक पटक (ख) दुई पटक (ग) नियमीत (घ) छैन

४.तपाईको बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन भएको छ -------- कि छैन ------?

गठन भएको छ भने कसरी ? ---------------------------------------------

----------------------------------------------------

५. बालविकास केन्द्रमा व्यवस्थापन समितिको वैठक वर्षमा कति पटक बस्ने गरेको छ ? --------

-----------------------------------------------------------

६ व्यवस्थापन समितिले अभिभावक भेला वर्षमा कति पटक गर्नु हुन्छ ? -----------------------

----------------------------------------------------------

७. बालविकास केन्द्रको अनुदान वाहेकका आर्थीक श्रोतहरु के के हुन ?-----------------------

-----------------------------------------------------------------------

-----------------------------------------------------

८.बालविकास केन्द्रमा प्राप्त अनुदान रकमलाई कसरी परिचालन गरिएको छ ? ----------------

----------------------------------------------------------

९.बालविकास केन्द्रमा सुविधाहरु के के छन ?

(क) खेलौना (ख) अन्य सामग्री (ग) छैन

१०. बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको नियूक्ति प्रकृया कसरी गर्ने गरिन्छ ? ------------

-------------------------------------------------------------------

११. तपाईले आर्थीक सहयोग के के गर्नु भएको छ ? कति गर्नु भएको छ ?---------------------

--------------------------------------------------------------------------------

------------------------------------------------------------

१२. अन्य केही सुझावहरु भए , उल्लेख गर्नु होस् ।----------------------------------------

--------------------------------------------------------------------------------

------------------------------------------------------------

## अनुसूची - ४

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष एवम् पदाधिकारीहरुको लागी प्रश्नावली

१. परिचय :

(क) नाम :------------------------------(ख) पद :---------------(ग) ठेगाना : ---------
---------------------------------------------------------------------------
----(घ) योग्यता:--------------------------- (ङ) विद्यालय : ----------------------
-------------------------------------------------

२. तपाईले प्रारम्भिक बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन गर्नु भएको छ ? छ भने कसरी गठन गर्नु भयो ? ----------------------------------------------------
----------------------------------------------------------

३. विद्यालयमा आधारित बालविकास केन्द्रका अनुदान र अन्य आम्दानीका श्रोतहरु के के हुन् ? ---
(क) --------------------------------(खं)------------------------

४.विद्यालयमा आधारित बालविकास केन्द्रको खर्च कसले व्यहोर्छ ।

(क) समुदायले (ख) सरकारले (ग) केन्द्रले (घ) सवै

५. विद्यालयमा आधारित बालविकास केन्द्रले नेपाल सरकारबाट पाउने अनुदान रकम हालसम्म कसरी प्राप्त गरिएको छ ? --------------------------------------

६. बालविकास केन्द्रमा अभिभावक परिचालन कुन कुनकार्यको लागी गर्नु हुन्छ ? ---------------
---------------------------------------------------------------------------
--------------------------------------------------------

७. सरकारबाट प्राप्त अनुदानलाई यस बाल विकास केन्द्रको संचालनमा कसरी सदुपयोग गर्नु भएको छ ? ------------------------------------------------------

८.आर्थीक श्रोत जुटाउन के के प्रयासहरु गर्नु भएको छ ? ---------------------------------
---------------------------------------------------------------

९. तपाईको बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई थप सुविधाहरुको व्यवस्था छ ---- वा छैन------------------- छ भने श्रोत कसरी जुटाउनु भएको छ ? ---------------
--------------------------------------------------------

१० . बालविकास केन्द्रमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?

(क) राम्रो छ ------ (ख) राम्रो छैन -----यदि राम्रो छैन भने जसको कारण के होला ?----------

-------------------------------------------------------------

११. शैक्षिक सामग्रीहरुको व्यवस्थापनमा गा.वि.स.को के कस्तो भुमिका रहेको छ ? -------------

-------------------------------------------------------------

१२. बालविकास केन्द्रको संचालनमा एन.जी.ओ./आई.एन.जी.ओ.हरुको सहयोग लिने गर्नु भएको छ ? (क) छ ----- (ख) छैन

यदि छ भने कस्तो किसिमको सहयोग लिने गर्नु भएको छ ? -------------------------------

-------------------------------------------------------------

१३. बाविकास केन्द्रमा आउने बालबालिकाहरुमा कक्षा छोड्ने दरको अवस्था के छ ? यदि छ भने त्यसको कारण के होला ? ----------------------------------------

१४. बालविकास केन्द्रमा सरकारवाट गरिएको लगानीबाट देखा परेका समस्याहरु के के हुन ?-----

-------------------------------------------------------------

१५. बालविकास केन्द्रमा गरिएका लगानीबाट देखा पर्ने समस्याहरु के के हुन सक्छन् ? ----------

-------------------------------------------------------------

## अनुसूची - ५

श्रोत व्यक्ति / वि.नी./जि.सि.अ.का लागी प्रश्नावली

१. परिचय :

(क) नाम :------------------------------(ख) पद : -------------------------------

(ख) ठेगाना : -----------------------------------------------------(घ) योग्यता ---------

----------------------------------(ङ) जिल्ला : -----------(च) अनुभव वर्ष : ----

२. तपाईले आफनो क्षेत्रका बालवालिका केन्द्रहरुका लागी के कस्तो सहयोग पुरयाउदैं आउनु भएको छ ?-------------------------------------------------

३. विद्दालयमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको छनौंट कसरी गर्ने गरिन्छ ?----
-------------------------------------------------------------

४. सरकारबाट प्राप्त अनुदान रकमलाई बालविकास केन्द्र संचालनमा कसरी परिचालन गर्ने गरिएको छ ?

५. बालविकास केन्द्रको व्यवस्थापन समितिबाट त्यस्ता बाल कक्षालाई के कस्ता सहयोगहरु प्राप्त हुने गरेको छ ? -------------------------------------------------------------
-------------------------------------------------------------

६. विद्दालयमा आधारित बालविकास केन्द्रका अनुदान वा अन्य आम्दानीका श्रोतहरु के के हुन् ? --
--------------------------------------------------------------------------------
-----------------------------------------------------------

७. बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई पेशागत क्षमता अभिवृद्धि कसरी गर्न सकिन्छ ? ---
--------------------------------------------------------------------------------
-------------------------------------------------------

८. बालविकास केन्द्र संचालन सम्वन्धि तालीम लिनु भएको छ ------ छैन ------- यदि छैन भने यसको कारण के हुन सक्छ ? -------------------------------------------------
----------------------------------------------------------

९. बालविकास केन्द्रहरुको सुपरिवेक्षण वर्षमा कित पटक गर्नु हुन्छ ? -------------------------
------------------------------------------------------------------

१०. बालविकास केन्द्रहरुको वितीय क्षेत्रका समस्याहरु के के हुन् ? ---------------------------
------------------------------------------------------------------

११. बालविकास केन्द्रहरुको वितीय क्षेत्रका समस्याहरु समाधान गर्न उपायहरु के के हुन सक्छ्न ?

--------------------------------------------------------------------------------

---------------------------------------------------------

१२ . अन्य केही सुझावहरु भए उल्लेख गर्नुहोला ।------------------------------------------

--------------------------------------------------------------------------------

--------------------------------------------------------------------------------

-----------------------------------------------------

# अनुसूची - ६

## अवलोकन फारम

विद्यालयको नाम :--------------------------------------------------------

ठेगाना :------------------------------------------------------------

| क.स. | विवरण | अति उतम (३) | उतम (२) | सामान्य (१) |
|---|---|---|---|---|
| १. | कार्य योजना निमाण | | | |
| २. | बालविकास केन्द्रको व्यवस्थापन | | | |
| ३. | शैक्षिक सामग्रीको संकलन , निमार्ण र प्रयोग | | | |
| ४. | कार्यक्रममा बालवालीकाहरुको सहभागीता | | | |
| ५. | बालविकास केन्द्रको आर्थीक अवस्था | | | |
| ६. | सहयोगी कार्यकर्ताको व्यक्तित्व | | | |
| ७. | कक्षा व्यवस्थापन | | | |
| ८. | अभिभावकको आर्कषण | | | |
| ९. | कार्यक्रमको निरीक्षण तथा अनुगमन | | | |
| १०. | मुल्यांकन अभिलेख | | | |
| | **कुल जम्मा** | | | |

अवलोकनकर्ताको नाम :

दस्तखत :

मिति

## अनुसूची : ७

### नमुना छनोटमा परेका विद्यालय र सहयोगी कार्यकर्ताको विवरण

| क.स. | विद्यालयको नाम | सहजकर्ताको नाम | ठेगाना | योग्यता | अनुभव वर्ष | तालिम |
|---|---|---|---|---|---|---|
| १. | श्री प.वि.मा.वि.,रा.वि. | रुपा कुमारी यादव | राजविरज-८ | बि.एड | २ | ७ दिन |
| २. | श्री के.अ.मा.वि,रा.वि. | शूषमा कुमारी झा | राजसवराज-६ | आई.ए. | २ | ७ दिन |
| ३. | श्री नि.मा.वि.थानगाछी | चन्द्रिका कुमारी साह | राजविराज -७ | आई.एड | २ | १२ दिन |
| ४. | श्री रा.प्रा.वि.,खैरसाल | श्रीमती मिरा देव | राजविराज -६ | एस.एल.सि. | १० | १२ दिन |
| ५. | श्री के.न.उ.मा.वि.,नक्टि रायपुर | संजु कुमारी यादव | रायपुर -६ | टेष्ट पास | २ | १० दिन |
| ६. | श्री नि.मा.वि., हरिरावा | सविता चौधरी | रायपुर-४ | आई.एड. | २ | ७ दिन |
| ७. | श्री जेसिस रा.प्रा.वि.,पौवां | बबिता कुमारी मण्डल | रायपुर -१ | एस.एल.सि. | ३ | १० दिन |
| ८. | श्री आ.स.रा.प्रा.वि. लोवापार | मंजु कुमारी मण्डल | रायपुर -२ | आई.एस्सी. | २ | ७ दिन |

(स्रोत : स्थलगत अध्ययन , २०६९)